महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

## आर्थिक वर्ष - २०७९/८०

## बागलुङ नगरपालिका, बागलुङ

## ८०४४५४०४३००

## बाग्लुङ नगरपालिका , बाग्लुङ



https://nams.oag.gov.np

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**गण्डकी प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:२०८०/८१ मिति : २०८०-७-१६

च.न :

**विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुख ज्यु ,
बागलुङ नगरपालिका, बागलुङ ,
बाग्लुङ नगरपालिका , बाग्लुङ

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७९।०८० को विनियोजन। राजस्व। धरौटी। अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०८०-५-३१ मा छलफल पश्चात् तयार गरिएको पाना ६७ (सतसट्ठी) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ ।
कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदादयित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा ३५ दिनभित्र फस्यौंट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फस्यौंट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरु समावेश गरी लेखाउत्तदायी अधिकृत। कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

टोपलाल पौडेल
निर्देशक

बोधार्थ तथा कार्यार्थः
श्री संघीय मामिला तथा सामान्य प्रशासन
मन्त्रालय सिंहदरबार, काठमाण्डौं,
info@mofaga.gov.np
कोष तथा लेखा नियन्त्रक कार्यालय , बागलुङ,
baglung.dtco@fcgo.gov.np

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागि ता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च)** यस पालिकाको क्षेत्रफल ९८.०१ वर्ग किलोमिटर र जनसंख्या ५७ हजार ८२३ रहेको तथा १४ वडा र ७२ सभा सदस्य रहेकोछ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको शिलशिलामा औंल्याए पश्चात रु ३९०२१। असुल भइ संघिय राजस्वको सम्वन्धित खातामा दाखिला गरेको प्रमाण पेश भएको छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् ।

• स्थानीय तहले संचित कोषमा गत विगतको साविक नगरपालिका र गा बि स हरुबाट सरी आएको सम्पत्ती र दायित्व बाँकीको अवस्था समेत स्पष्ट देखिने गरी खाता राखेको छैन भने स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (NPSAS अनुरूप) म=ले=प=फा= नं= २७२ले साविकको उक्त कारोवार समेत देखिने गरी आय व्ययको यथार्थ चित्रण गर्न सकेको छैन ।

• स्थानीय तहले खाता अनुसारको बैंक समायोजन हिसाब खाता राखेको जनाएतापनि असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दातमा रु २४२५७।४० फरक (बढी बैंक मौज्दात) देखिएको छ ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिकाले प्रत्येक वर्षको साउन १ गतेदेखि आगामी वर्षको आषाढ मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नु पर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । कार्यालयले पेश गरेको वित्तीय विवरण यथार्थ र सही ढंगले तोकिए बमोजिमको ढाँचामा बन्नु पर्दछ ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले संघिय तथा प्रादेशिक सरकारबाट हस्तान्तिरत शशर्त बजेट तथा कार्यक्रम, संघिय र प्रादेशिक स्थानिय पुर्वाधार बिकास साझेदारी कार्यक्रम, धरौटी, प्रकोप व्यबस्थापन कोष, कर्मचारी कल्याण कोष, लगायतका कोष खाताहरु लगायतका कार्यक्रम तथा बजेट शिर्षकबाट भएको आम्दानी तथा खर्चहरुको लेखाकंन सुत्रमा राखि प्रतिवेदन समेत २०७६। २।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा तयार गर्नु पर्दछ ।

• एकिकृत आर्थिक संकेत वर्गिकरण तथा व्याख्या २०७४ अनुसार चालू र पुजीगत शिर्षकमा रकम विनियोजन गरी खर्च गर्नुपर्नेमा कतिपय कार्यक्रम चालुवाट गर्नुपर्नेमा पुजीगत शिर्षक र पुजीगत शिर्षकवाट गर्नुपर्नेमा चालु शिर्षकवाट खर्च भएकोले उक्त व्याख्या अनुसार वजेट तयार तथा कार्यान्वियन भएको छैन । अतः खर्च शिर्षकले यथार्थ शिर्षकगत खर्च रकमको विवरण दिन सक्ने अवस्था रहेन ।

त्यसैले तोके बमोजिमका वित्तीय विवरण तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३ **नगर विकास कोष ऋण**

पालिकाले गत विगतमा वागलुङ वसपार्क निर्माणको लागि रु. ७६०७५९१५।– र रोड सुधारको लागि रु. ३९९३७१६६।४५ समेत रु. ११६०१३०८१।४५ ऋण लिएको मध्ये नगरपालिका कोषसँग भएको ऋण सम्झौता अनुसार २०८० आषाढसम्म साँवा रु. १८१२१७०८।१५ र ब्याज रु. ८१७०००६।५६ समेत रु. २६२९१७१४।७१ बुझाइ सावा रु ९२५५४१४३।३७ बुझाउन बाकी रहेको बिबरण पेश भएको छ । तर उक्त पुर्वाधार निर्माण तर्फ नगरपालिकाले हालसम्म कुनै आम्दानी प्राप्त गर्न शुरुसम्म पनि गरेको नदेखिदा यस तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

४ **अबण्डा बजेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु. ३ करोड अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गरेर नगर सभाबाट अनुमोदन गरेको छ । बजेट अबण्डमा राखी स्वविवेकी अधिकार प्रयोग गरी खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५ **बजेट पेश पारित र अख्तियारी**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेटमा छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा नगर उप-प्रमुखले २०७९।०३।०९ गते रु. १ अर्ब ३१ करोड ११ लाख ७९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७९।०३।१० मा पारित गरी २०७९।०३।१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने लिखित अख्तियारी प्रदान गरेको देखियो ।

सैद्धान्तिक बेरुजु

६ **क्षेत्रगत बजेट र खर्च**

स्थानीय तहले एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ ।यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र सं | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | 8,92,00,000.00 | 5,82,74,620.08 | 65.33 |
| २ | पूर्वाधार विकास | 53,17,92,811.00 | 33,43,28,082.54 | 62.87 |
| ३ | सामाजिक विकास | 69,40,22,500.00 | 63,42,48,832.74 | 91.39 |
| ४ | सुशासन तथा अन्तर्सम्बन्धित क्षेत्र | 13,02,04,336.00 | 11,38,17,672.99 | 87.41 |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | 18,40,75,000.00 | 14,70,94,389.12 | 79.91 |
| | **जम्मा** | **1,62,92,94,647** | **1,28,77,63,597.47** | **79.03** |

उल्लिखित विवरण विश्लेषणबाट निम्नानुसार देखिएको छ:

खर्च बिश्लेषणः नगरपालिकाले यस वर्ष गरेको आन्तरिक आम्दानी रु ६८१६२६४५।, गतवर्षको मौज्दात अ. ल्या. रु. ३३७८०९९७३।र राजस्व बाँडफाँड तथा अनुदानबाट रु. 94,88,06,980.43 समेत रु. 1,35,47,79,598.44 आम्दानी गरेकोमा चालु तर्फ रु. 75,63,48,198.45, पूँजिगत तर्फ रु. 51,94,64,045.94रवित्तीय व्यवस्था तर्फ रु.1,19,51,353.08 समेत रु. 1,28,77,63,597.47 खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ५.२९ प्रतिशत रहेको छ । यसबाट नगरपालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको जनाएको छ। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन् ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो बमोजिम गरेको पाईएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा नगरपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको जनाएतापनि सो अनुरुप कार्यान्वयन भएको देखिएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषयको क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको जनाएतापनि सो अनुरुप कार्यान्वयन भएको देखिएन ।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजना बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास योजना २०१५-३० लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिने गरेको देखिएन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन र वार्षिक खरिद योजना अनुसार खरिद कार्य गर्नुपर्नेमा गरेको पाईएन।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र सो अनुरुप गरेको कन्टिन्जेन्सी खर्च स्पष्ट देखिने गरी खाता राखेको पाईएन।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार नगरपालिकाबाट संचालन भएका विभिन्न योजनाको निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• वातावरण संरक्षणको एकिकृत र दिर्घकालीन योजना तयार गरेको पाइएन ।

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।

• निजामती सेवा ऐन, २०४९ अनुसार कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।

• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।

• पालिकाका पदाधिकारीहरुको मासिक अनुगमन सुविधा भुक्तानी गर्दा अनुगमन प्रतिवेदन संलग्न गर्ने गरेको छैन ।

• पालिकाका पदाधिकारीहरुले प्रयोग गर्ने सवारी साधनमा इन्धनको कोटा निर्धारण गर्ने गरेको छैन ।

• पालिका प्रमुखले पालिका क्षेत्र भन्दा बाहिर ३ दिन भन्दा बढी अवधीको भ्रमण आदेश यथासम्भव अग्रीम रुपमा र अग्रीम रुपमा सम्भव नभए लगत्तैको कार्यपालिका बैठकबाट स्वीकृत वा अनुमोदन गराउनु पर्नेमा नगराई भ्रमणको ३/४ महिना पश्चातको कार्यपालिका बैठकबाट अनुमोदन गर्ने गरेको पाइयो।

• कतिपय भ्रमण खर्चको विल साथ भ्रमण प्रतिवेदन पेश गर्ने गरेको छैन ।

• मूल्य अभिवृद्धि करमा दर्ता नभएको फर्मसँग रु. २० हजार भन्दा कम रकमका विभिन्न विलहरु मार्फत मसलन्द तथा कार्यालय सामाग्री खरिद गर्ने गरेको छ ।

• कतिपय भ्रमण आदेशमा स्पष्ट काम उल्लेख नगरि कार्यालय सम्बन्धि काम मात्र उल्लेख गर्ने गरेको छ।

• गोश्वारा भौचर साथ संलग्न विल भरपाई अनुसार हुने खर्चको तेरिज तयार गरी राख्ने गरेको छैन।

• पदाधिकारीलाई मासिक सुविधा अन्तर्गत पाउने सञ्चार सुविधाको अतिरिक्त मोवाइल रिचार्ज कार्डमा थप खर्च लेख्ने गरेकोले यसमा नियन्त्रण हुनु पर्ने देखिन्छ।

• विद्युत, पानी महशुल यथा समयमै भुक्तानी नगरी ढीलाई गर्दा थप दस्तुर समेत खर्च लेख्ने गरेको छ।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वियनमा आउन सकेको छैन ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी केही सामान वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो भने वडालाइ आवस्यक पर्ने अधिकांश सामान वडाले नै खरिद गर्ने र जिन्सी पनि वडाले नै वाध्ने गरेकोले नगरपालिकाको मुल जिन्सी खातामा उक्त सामान चढाएको देखिएन ।

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सोको पालना भएको छैन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

८ **सिफारिस**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) मा पालिकाको काम, कर्तव्य र अधिकारको व्यवस्था रहेको छ । पालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, पञ्जिकरणको तथ्याङ्क तथा अभिलेखलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ । यस नगरपालिका तथा अन्तर्गतका वडाबाट यस वर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ ।

| विवरण | सिफारिस भएको संख्या |
|---|---|
| जन्मदर्ता | 1599 |
| मृत्युदर्ता | 512 |
| बसाईसराई भई आउनेको दर्ता | 356 |
| बसाईसराई भई जानेको दर्ता | 919 |
| विवाह दर्ता | 769 |
| सम्बन्ध विच्छेद दर्ता | 63 |

सैद्धान्तिक बेरुजु

९ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रिया सम्बन्धि व्यवस्था छ । न्यायिक समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवाद दर्ता एवं फर्स्यौट विवरण अनुसार गतबर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी 0 उजुरी रहेकोमा यस बर्ष विभिन्न विषयका 31 वटा विवाद दर्ता भएकोमा जम्मा 31 मध्ये 22 वटा फर्स्यौट भई यो वर्ष फर्स्यौट नभई 9 वटा बाँकी रहेको छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको रअभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु र अभिलेख राख्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **पेश्की**

११.१ पेश्की वाँकी विवरण ः आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ७४ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा पेश्की फछ्र्यौट सम्बन्धी व्यवस्था रहेको छ । कार्यालयले उपलव्ध गराएको विबरण अनुसार निम्न व्यक्ति तथा संस्थाले देहाय

बमोजिम लिएको मोबिलाइजेशन लगायत अन्य पेश्की आर्थिक वर्षको अन्त्यसम्ममा पनि फछ्र्यौट नभई म्याद ननाघेको रु १८६६०७५५।०० र म्याद नाघेको रु८४५०००।०० बाँकी रहेको देखिएको हुदा नियमानुसार फछ्र्यौट हुनु पर्ने देखिएको रु.

| सि.न. | पेश्कीलिएको | पेश्कीको विवरण | पेश्कीलिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | म्याद ननाघेको | म्याद नाघेको |
|---|---|---|---|---|---|
| १ | २०७९/०८/१४ | पोषण कार्यक्रम (गर्भवती सुत्केरी महिला) | बैगुण्ठ निउरे | ०.०० | ५०,०००.०० |
| २ | २०७९/१०/१५ | विभिन्न खेलकुद प्रतियोगिता | भक्त वहादुर परियार | ०.०० | ३५,०००.०० |
| ३ | २०८०/०३/२४ | फर्निचर तथा फिक्चर्स | दिपेन्द्र बहादुर भण्डारी | ०.०० | ६,००,०००.०० |
| ४ | २०८०/०२/३१ | स्मार्ट शौचालय (साझेदारी) | श्रीमनकामना कन्स्ट्रक्सन | ०.०० | १,६००००.०० |
| ५ | २०८०/०३/०५ | गलुवा भकुन्डे सडक स्तरवृद्धि | के.बि.–पुर्णचण्डी–टाण्डवेश्वर | १२२८६०००।०० | |
| ६ | २०७९/११/०२ | Design and Supervision Consultant नियुक्ति गर्ने | सिटुटेकगिडा – गिडान जे.भी | ७,६२,७५५.०० | ०.०० |
| ७ | २०७९/१२/१२ | बजार भित्रका विभिन्न सडकको मर्मत सम्भार | सक्षमब्रदर्श प्रा लि. | १३,००,०००.०० | ०.०० |
| ८ | २०७९/१२/२७ | नारायणस्थान स्वास्थ्य चौकी भवन निर्माण वडा न १४ | डि एण्ड जी - प्रसाद जे.भि. | ३१,६०,०००.०० | ०.०० |
| ९ | २०८०/०२/१८ | बजार भित्रका विभिन्न सडकको मर्मत सम्भार | सक्षमब्रदर्श प्रा लि. | ११,५२,०००.०० | ०.०० |
| | | जम्मा | | १८६६०७५५।०० | ८४५०००।०० |

| पेश्की | ८,४५,००० |
|---|---|

११.२ कामको प्रगतिको आधारमा पेश्की: सार्वजनिक खरिद ऐन २०६३ को दफा ५२क उपदफा (२) मा पेश्की दिदा पहिलो पटकमा स्वीकृत पेश्की रकमको आधा रकममा नबढ्ने गरी र बाँकी रकम कार्य प्रगतिका आधारमा दिन सकिने, उपदफा ३ मा पेश्की रकम सम्झौता भएको कार्यको लागि छुट्टै खोलिएको बैंक खाता मार्फत मात्र भुक्तानी गर्नुपर्ने, उपदफा ४ मा पहिलो पटक पेश्की रकम प्राप्त गरेको मितिले ३० दिनभित्र कार्य प्रारम्भ गरिसक्नुपर्ने आदि प्रावधानहरु रहेका छन् । कार्यालयले निर्माण व्यवसायी तथा आपूर्तिकर्तालाई पेश्की रकम उपलब्ध गराउँदा कार्य प्रगतिको आधारमा नगराइ दोश्रो पेश्की रकम उपलब्ध गराउने गरेको पाइयो।पेश्की रकम सम्झौता भएको कार्यको लागि छुट्टै खोलिएको बैंक खाता मार्फत उपलब्ध नगराई संस्थाको सवै प्रयोजनको लागि खोलिएको खातामा नै भुक्तानी गर्ने गरेको पाइयो। पहिलो पटक पेश्की रकम प्राप्त गरेको मितिले ३० दिनभित्र कार्य प्रारम्भ गरिसक्नुपर्ने प्रावधान विपरित कतिपय सम्झौतामा सोको लामो अवधिसम्म पनि कार्य सुरु नगरेको र सोही अवस्थामा समेत दोस्रो पेश्की रकम उपलब्ध गराउने गरेको अवस्था समेत रहेको देखिदा जिम्मेवार पदाधिकारीको ध्यान जानुपर्ने देखिन्छ।यसका केही उदाहरणहरु निम्न छन्।

| सिं न | ठेक्का नं | कामको विवरण | निर्माणव्यवसायी | पहिलो किस्ता पेश्की | दोस्रो किस्ता | जम्मा पेश्की |
|---|---|---|---|---|---|---|
| १ | ९-२०७९/८० | गलुवा भकुण्डे सडक निर्माण कार्य | पूर्णचण्डी ताण्डवेश्वर | ६२८६००० | ६०,००,००० | १२२८६००० |
| २ | ६-२०७९/८० | नारायणस्थान स्वास्थ्य चौकी निर्माण | डि एण्ड जि प्रदेश | १५८०००० | १५८०००० | ३१६०००० |
| ३ | ११-२०७९/८० | पैयुपाटा १५ वेड प्राथमिक स्वास्थ्यकेन्द्र भवन निर्माण | महालक्ष्मी जुगल जे भि | ११०००००० | ११३००००० | २२३००००० |
| ४ | १-२०७९/८० | आधुनिक एवम अपाङ्गमैत्री शौचालय निर्माण | मनकामना कन्स्ट्रक्सन | १६०००० | १६०००० | ३२०००० |
| ५ | -२०७९/८० | वडा न ७ कार्यालय भवन निर्माण | युनिक विल्डर्श एण्ड सप्लायर्स | २२६००० | २२६००० | ४५२००० |
| ६ | ७-२०७९/८० | विभिन्न सडकहरुको मर्मत कार्य | सक्षम व्रदर्श प्रालि | १३००००० | ११५२००० | २४५२००० |
| ७ | -२०७९/८० | वृद्धाश्रम भवन निर्माण कार्य | जुम्ली निर्माण सेवा प्रालि (एकमुष्ट मोविलाइजेशन पेश्की उपलब्ध गराएको) | ४५००००० | | ४५००००० |

सैद्धान्तिक बेरुजु

## १२ योजना लगायतका बुदाँहरु

१२.१ योजना र कार्यान्वयन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ। यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:

| क्र.सं. | विवरण | योजनासंख्या | खर्च रकम |
|---|---|---|---|
| १ | रु १ लाखभन्दा कमको योजना | 296 | 2,07,40,457.00 |
| २ | रु एक लाखएक देखि पाँच लाख सम्मका योजना | 265 | 7,66,49,815.00 |
| ३ | रु ५ लाखदेखि १० लाख सम्मका योजना | 54 | 4,49,36,996.00 |
| ४ | दश लाख एकदेखि ५० लाख सम्मका योजना | 31 | 8,80,00,000.00 |
| ५ | ५० लाख भन्दा माथिका योजना | ० | ० |
| | **जम्मा** | | 23,03,27,268. |

सैद्धान्तिक बेरुजु

१२.२ योजना छनौट — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गर्नुपर्ने व्यवस्था गरेको छ । योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभपुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयलाई प्राथमिकता दिएको देखिएन । तसर्थ स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गरी प्रभावकारी रुपमा कार्यान्वियन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२.३ ठेक्काको लगत – सार्वजनिक निकायले ठेक्का बन्दोबस्त गरि निर्माण गरेको कार्यहरुको विवरण स्पष्ट देखिने गरी ठेक्का अभिलेख खाता महालेखापरीक्षकको कार्यालयले तोकेको ढाँचामा तयार गरी राख्नुपर्ने कानुनी व्यवस्था रहेको छ । कार्यालयले यस वर्ष तथा गत विगत वर्ष ठेक्का व्यवस्थापन गरेका योजनहरुको स्वीकृत म.ले.प.फा.नं. ५०७ अनुसारको ढाँचामा ठेक्का अभिलेख खाता तयार गरी राखेको पाईएन । जसबाट एक भन्दा बढी रनिङ बिल भुक्तानी तथा बहुवर्षीय योजनाको एकीकृत भुक्तानी अभिलेख प्राप्त हुन सकेन । तसर्थ तोकिएको ढाँचामा ठेक्का अभिलेख राख्ने व्यवस्थाको कार्यान्वियन हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## १३ चौमासिक खर्च

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ मा कार्यालयको लागि स्वीकृत भएको कार्यक्रममा चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको निम्न विवरण अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति विश्लेषण गर्दा अन्तिम चौमासिक एवं विशेष गरी आषाढ महिनामा बढी खर्च गरेको देखिन्छ । यसरी वर्षान्तमा बढी खर्च गरी हतारमा काम गराउँदा कामको गुणस्तर र खर्च रकमको प्रभावकारितामा नकारात्मक असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा अधिक खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

(रु. हजारमा)

| क्रं. सं. | बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| २ | पूँजिगत खर्चतर्फ | 51,94,64 | 15,51,24 | 10,83,17 | 25,60,21 | 12,43,18 |
| | जम्मा | 51,94,64 | 15,51,24 | 10,83,17 | 25,60,21 | 12,43,18 |
| | प्रतिशत | १०० | २९.८६ | २०.८५ | ४९.२९ | २३.९३ |

सैद्धान्तिक बेरुजु

## १४ राजस्व आम्दानी

१४.१ व्यवसाय कर - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर लगाउने व्यवस्था रहेको छ । नगरपालिकाले योवर्ष व्यवसाय कर वापत रु१३०५४७३८। असुल गरेको जनाएको छ । पालिकाको कार्यालयले व्यवसायहरूको लगत राखी राजस्व असुल गर्नूपर्नेमा लगत राखेको पाइएन । पालिका क्षेत्र भित्रका व्यवसाय एवं व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१४.२ मनोरञ्जन कर - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शुल्कमा कर लिनूपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७९।८० मा पालिकाले यस्ता प्रकारका कूनैपनि कर संकलन गरेको पाइएन । यस पालीकाको क्षेत्रभित्रबाट उठ्नु पर्ने मनोरञ्जन कर यकिन गरी असुल गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१४.३ रकम ढिला दाखिला - आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७(१) बमोजिम प्रचलित कानून बमोजिम सरकारलाइ प्राप्त हुने राजस्व रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले राजस्वको लेखा राखी बैङ्क दाखिला गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका वडाहरुले कतिपय मासिक रुपमा र कतिपयले २, ३ महिना पछि मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ । ढिला दाखिला गर्ने उपर कारबाही गर्नुपर्ने समेत देखियो ।

सैद्धान्तिक बेरुजु

१४.४ अभिलेख- पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्रका करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।त्यसैगरी नगरपालिका कार्यालयमा राजस्वको आम्दानी सफ्टवेयर प्रयोग गरेर र वडा कार्यालयहरुले म्यानुअल मार्फत नगदि रसिद प्रयोग गरी असुल गर्नेगरेकोमा सबै निकायको राजस्व सफ्टवेयर प्रणाली प्रयोग गरेर मात्र असुल गर्ने व्यवस्था कायम गरिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१४.५ प्रदुषण नियन्त्रण शुल्क- पालिकाले योवर्ष पालिका स्थित वडा नं १,२,३ र ४ वडाबाट प्रदुषण नियन्त्रण शुल्क स्वरुप जम्मा रु ५१३७६२०। असुल गरेको जनाएको छ ।उक्त ४ वटा वडाहरुमा फोहोर व्यवस्थापनको कार्य गरेवापत तलव तथा पारिश्रमिक सुविधाहरु, सवारी साधनको इन्धन तथा मर्मत लगायतको कार्यमा यो वर्ष जम्मा रु ३३०३२५३। खर्च भएको व्यहोरा प्राप्त बिबरणबाट देखियो । फोहोर व्यवस्थापन तथा प्रदुषण नियन्त्रण शुल्कको कार्यक्रम नगरपालिकाको १४ वटै वडाहरुमा लागु गरिनु पर्दछ । साथै प्रदुषण नियन्त्रण शुल्कको दर निर्धारण गर्दा लाभ र लागतलाइ बिश्लेषण गरी निर्धारण गरिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१५ **स्वीकृत दरवन्दी वाहिर करार सेवाः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ को उपदफा (६) मा स्थानीय तहले नगरप्रहरी, सवारी चालक, सरसफाई सम्बन्धि आदि पदमा बाहेक अन्य पद तथा सेवामा करारवाट पदपूर्ति गर्न नसकिने कानूनी व्यवस्था गरेको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, २०७४ मा स्वीकृत दरवन्दी भन्दा वाहिर अन्य रुपमा कर्मचारीहरु राखी तलब भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानून विपरित भई भुक्तानी गर्ने पदाधिकारीवाट असुल उपर हुने व्यहोरा उल्लेख छ ।पालिकाले स्वीकृत दरवन्दी भन्दा वाहिरका विभिन्न पदका कर्मचारी राखी रु.३५९२२३८ खर्च लेखेको छ । स्वीकृत दरवन्दी विपरितको पद सिर्जना गरी खर्च लेखेको उक्त रकम कानून विपरित भएकोले स्थानीय सरकारलाई थप व्ययभार परेको रु…………………………………

| सि न | नाम | पद | रकम |
|---|---|---|---|
| १ | श्री सौगात नेपाल | सर्वेक्षक छैठौ | १७४७५८।०० |
| २ | श्री गौरव शर्मा | ईन्जिनियर छैठौ | ५२४२६८।०० |
| ३ | श्री आशिक राजभणडारी | सहायक चौथौ | ३९४८२४।०० |
| ४ | श्री कमल राज पन्थ | सहायक चौथौ | ३९४८२४।०० |
| ५ | श्री जग बहादुर के सी | सहायक चौथौ | ३९४८२४।०० |
| ६ | श्री रुकमान थापा | सहायक चौथौ | ३९४८२४।०० |
| ७ | श्री राजन के सी | सहायक चौथौ | ३९४८२४।०० |
| ८ | श्री हरि नारायण उपाध्याय | सहायक चौथौ | ३९४८२४।०० |
| **जम्मा** | | | **३०६७९७०** |

| **क्रम** | **कर्मचारीको नाम** | **असुली रकम** |
|---|---|---|
| १५.१ | अनियमित भएको | ३०,६७,९७० |

| | |
|---|---|
| अनियमित भएको | ३०,६७,९७० |

## १६ सोझै खरिद

१६.१ सोझै खरिद – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा

बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । नगरपालिकाले यो वर्ष देहाय बमोजिम रु ९२७२३२७।रकमको खरिद गर्दा सोझै तथा ३ वटासंग खुला दररेट माग गरी खरिद गरीएको छ । कार्यालयले वार्षिक खरिद योजना बनाई सोही बमोजिम स्वीकृत कार्यक्रम अनुसार खरिदको प्याकेज बनाएर एकमुष्ठ रुपमा खरिद कार्यहरु गर्नुपर्नेमा सो बमोजिम गरेको छैन । यसवाट खरिद कार्य व्यवस्थित, कानुन सम्मत, मितव्ययी र प्रतिस्पर्धी रुपमा भयो भन्न सकिने अवस्था देखिएन साथै यसबाट कार्यालयलाई थप व्ययभार पारेको छैन भन्ने अवस्था नदेखिएको हुदा खरिद कार्यमा कानुन बमोजिम सुधार गरिनु पर्दछ । पालिकाले यो वर्ष खरिद कार्य गराउदा प्रतिस्पर्धात्मक विधि नपनाइ निम्नानुसार सोझै खरिद गरेको कार्यलाइ नियमसम्मत भएको नदेखिएकोले थपव्ययभार पारेको रु.

| सि नं | कार्यको विवरण | भुक्तानी भएको फर्मको नाम | लागत अनुमान | सम्झौता | भुक्तानी |
|---|---|---|---|---|---|
| १= | स्वागत वोर्ड निर्माण, मालढुंगा, वडा नं. १ | श्रेष्ठ निर्माण सेवा, फलेवास न.पा.–५, पर्वत | ७,५६,०५४।– | ७,५६,०५४।– | ७,५३,०५७।– |
| २ | नगरपालिका कार्यालय भवनमा रंगरोगन | न्यु राई निर्माण सेवा | ३,७१,८४३।– | ३,६७,४९५।– | ३,६२,२११।– |
| ३ | नगरपालिका कार्यालय परिसर ढलान, वडा नं. २ | जय कालिका भगवती निर्माण सेवा, बागलुङ | ९,९८,०७२।– | ९,९१,५२७।– | ९,८९,१३९।– |
| ४ | हाईवे घुम्तीदेखि रुद्रेपिपलसम्म नाली व्यवस्थापन, वडा नं. २ | मनकामना कन्स्ट्रक्सन, बागलुङ | ९,९७,१२६।– | ९,९१,८२०।– | ९,५४,७२३।– |
| ५ | रोड मार्किङ तथा ट्राफिक व्यवस्थापन | दशरथ कन्स्ट्रक्सन एण्ड सप्लायर्स, काठमाण्डौं म.न.पा.–१२, | ४,५८,९४४।– | ४,५४,६२२।– | ३,९१,१९७।– |
| ६ | वडा कार्यालय ट्रस भवन निर्माण, वडा नं. १३ | गणेश कन्स्ट्रक्सन, पर्वत | ९,९९,९३३।– | ९,६३,२४९।– | ९,३९,११०।– |
| ७ | वडा नं. २ वडा कार्यालय मर्मत र अगाडि ढलान गर्ने कार्य, | बुद्ध कन्स्ट्रक्सन, बा.न.पा. वडा नं. १ | ५,५३,१३८।– | ५,५१,०८८।– | ५,३९,६८७।– |
| ८ | नवीकरणीय उर्जा प्रविधि जडान, वडा नं. ३, ५ र १० | क्वालिटी रिन्युएवल ईनर्जी नेपाल, काठमाण्डौं | ७,९८,४०३।– | ७,९७,३२३।– | ७,९७,३२३।– |
| ९ | वडा कार्यालय भवन निर्माण, वडा नं. १ | डि.के. निर्माण सेवा, बागलुङ | ४,९८,८४३।– | ४,९४,८३६।– | ४,२०,७०५।– |
| १०= | वडा नं. ४ वडा कार्यालय भवन परिसरमा गेट, तारवार र ट्वाईलेट निर्माण | जय बागलुङ कालिका निर्माण सेवा, बागलुङ | ५,४९,७७९।– | ५,४८,५७७।– | ५,३८,७६८।– |
| ११ | कार्यालयको उत्तर पश्चिमतर्फ जस्ताको पार्टिशन गर्ने कार्य | ग्यालेक्सी हार्डवयर, बागलुङ | २,५७,७७६।– | २,५६,३२१।– | २,४५,०३४। |
| १२ | सडक वत्ती जडान गर्ने कार्य, वडा नं. २ | धौलागिरी मेशिनरी एण्ड टुल्स प्रा.लि., बागलुङ | ९,९९८७१।– | ९,९९,८७१।– | ९,९९,८७१। |
| १३ | जिल्ला प्रहरी कार्यालयमा जीम हल व्यवस्थापन | मल्टी नेशनल विजनेश कन्सन प्रा.लि., काठमाण्डौ | ४,९६,८००।– | ४,९६,८००।– | ४,९६,८००। |
| १४ | अधुरो नाली निर्माण र स्लाव निर्माण | अनिल निर्माण सेवा, बागलुङ | ६,४८,८०१।– | ६,४८,८०१।– | ५,९२,९२०। |
| १५ | वडा कार्यालय भवन मर्मत, वडा नं. ५ | ए.ए. कन्स्ट्रक्सन, बागलुङ | २,८८,९८६।– | २,८५,९०८।– | २,५१,७८२।– |
| | | जम्मा | | | ९२७२३२७ |

| | |
|---|---|
| अनियमित भएको | ९२,७२,३२७ |

१६.२

सोझै परामर्श सेवा खरिद – सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ उपदफा १ र नियमावलीको नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायअनुसारका परामर्श सेवाको खरिद गर्दा प्रतिस्पर्धा नगराई सोझै खरिद गरी रु. ४६७५८१६। खर्च लेखेको छ । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा एकै प्रकृतीको कार्य समेत अधिकार प्राप्त अधिकारीको स्विकृती वेगर वडावाटै छुट्टा छुट्टै सम्झौता गरी खरिद गरिएको रकम थपव्ययभार पर्न गएकोले जिम्मेवार व्यक्तिलाइ जवाफदेही तुल्याउनु पर्ने रु...

| कामको विवरण | भुक्तानी पाउने फर्म | रकम |
|---|---|---|
| व्लु हिल पर्यटकीय गन्तव्य स्थल निर्माण, वडा नं. ९ | जेनेक्स ई. सोलुशन प्रा.लि., काठमाण्डौ | १८,०५,०००।– |
| सहिद स्मृति पार्क निर्माण, वडा नं. ३, रात्माटा | सर्भे ई. सोलुशन प्रा.लि., काठमाण्डौ | ३,९६,८८४।– |
| नारायणस्थान वस्ती विकासका लागि संभाव्यता अध्ययन गर्ने कार्य, वडा नं. १४ | Engic Group of Company, Ktm. | ४,९७,१३२।– |
| संगठन तथा व्यवस्थापन सर्भेक्षण इ ७ ः | अथिति ईन्टरनेशनल कन्सल्टेन्सी प्रा.लि., काठमाण्डौ | ४,९७,२००।– |
| बाङगेचौर स्टेडियम विस्तृत आयोजना रिपोर्ट तयार गर्ने कार्य, वडा नं. १ | Creative Multi Sector Research Trainning & Consultancy Pvt. Ltd. , Ktm. | ४,९६,०००।– |
| गलुवा–भकुण्डे–रायडाँडा सडक, वडा नं. १० | Imperium Engineering Consultancy Pvt. Ltd., Ktm. | ४९१५५०। |
| बाङगेचौर स्टेडियमको IEE तयार गर्ने कार्य, वडा नं. १ | Impluse Consutants Pvt. Ltd., Ktm. | ४,९२०५०।– |
| जम्मा | | ४६७५८१६ |

(क)सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ उपदफा (१) खण्ड (क) मा सार्वजनिक निकायमा उपलव्ध जनशक्तिबाट काम हुन नसक्ने भएमा मात्र परामर्श सेवा लिन सकिने प्रावधान रहेको छ । निर्माण कार्यको डिपिआर तयारी गर्ने कार्य कार्यालयमा उपलव्ध जनशक्तिबाट गराउनु पर्नेमा उपरोक्त बमोजिम सोझै दररेट लिएर न्युन प्रतिस्पर्धाबाट गराएको छ। कार्यालयको जनशक्तिबाट हुन नसक्ने सम्वन्धमा केही उल्लेख भए गरेको देखिएन । यसबाट कार्यालयलाइ थप व्ययभार पर्न गएको छैन भन्ने आधार देखिदैन ।

(ख) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७० अनुसार रु २० लाख सम्मको परामर्शदाता छनौट गर्दा नियमानुसार सुचिक्रित परामर्शदाताहरु मध्येबाट प्राविधिक र आर्थिक प्रस्ताव माग गरी बढी अंक प्राप्त गर्ने परामर्शदातासंग प्रतिस्पर्धाको माध्यमबाट सम्झौता गरी कार्य गराउनु पर्ने व्यवस्था छ । कार्यालयले व्लु हिल पर्यटकीय गन्तव्य स्थल निर्माण कार्य वडा नं. ९ को डिपीआर तयारीको कार्य परापर्शदाता जेनेक्स ई. सोलुशन प्रा.लि., काठमाण्डौबाट गराउदा परामर्शदातासंग प्रस्ताव माग गरी लागत अनुमान अंकमै सम्झौता गरी ३० प्रतिशत भुक्तानी गरेको छ । यसरी प्रतिस्पर्धा बेगर परामर्शदाता नियुक्त गरेबाट कानुनको उल्लघंन हुन जानुको साथै कार्यालयलाइ थप व्ययभार परेको छैन भन्ने अवस्था देखिन आएन ।

(ग) सार्वजनिक खरिद ऐन, २०६३ को दफा २४ र २६ अनुसार प्रस्ताव पेश गर्दा आपसमा मिलेमतो गर्न नहुने र गरेको पुष्टी भए रद्द हुने उल्लेख रहेको छ । कार्यालयले निर्माण कार्यको लागि डिपीआर प्रतिवेदन तयार गर्न परामर्शदाता छनौट गर्दा ३ वटासंग प्रस्ताव माग गरी छनौट गरेर कार्य गराएको भएता पनि न्युन प्रतिस्पर्धा गराइ घटीदरमा सम्झौता गरी कार्य गराएको छ ।

(घ) यस्तो अध्ययन कार्य गराउदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै भवन तथा स्थानीय पूर्वाधार विकासको नर्म्सको आधार लिएर स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको देखियो । यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरू कार्यान्वियन भई खर्चको सार्थकता पुष्टि हुनुपर्दछ । यस्तो अध्ययन कार्य गराउदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै भवन तथा स्थानीय पूर्वाधार विकासको नर्म्सको आधार लिएर स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको देखियो । डी.पी.आर. तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरू कार्यान्वियन भई खर्चको सार्थकता पुष्टि हुनुपर्दछ ।

| अनियमित भएको | ४६,७५,८१६ |
|---|---|

## १७ कर्मचारी करार

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले विभिन्न पदमा १०७ जना कर्मचारीहरु करारमा राखी रु. ३,४४,००,०८५.00 भुक्तानी दिइ खर्च लेखेको छ । जस मध्ये 29 जना दरबन्दी भन्दा बाहीरको कर्मचारी करारमा भर्ना गरी रु. 9871186 खर्च लेखेको छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

## १८ पदाधिकारी सुविधा

गण्डकी प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन अनुसार पदाधिकारी तथा सदस्यले अनुसूची बमोजिमको रकम नबढ्ने र दोहोरो नपर्ने गरि सुविधा पाउने व्यवस्था गरेको छ । नगरपालिकाले आर्थिक वर्ष २०७९।८० मा जम्मा रु. 17082116.81 पदाधिकारी सुविधामा भुक्तानी गरेको छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

## १९ कल्याण कोष

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवामा आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष कर्मचारी कल्याण कोषमा गतबिगतको बाकी मौज्दात रु २४३२६४४।०६ र योवर्ष कर्मचारीको तलबबाट १० प्रतिशत कट्टा गरी जम्मा गरेको रु. ८६३२६३७.३६ मा योवर्ष खर्च रु ५५९३१४७।३८ गरी बर्षको अन्त्यमा रु ५४७२१३४।३१ बाकी मौज्दात रहेको जनाएको छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

## २० खाना तथा विविध खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ रु. 2992758.95 खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

## २१ प्रमाण पेश गर्नुपर्ने

२१.१ .कार्य सम्पन्न: सार्वजनिक खरिद नियमावली २०६४, को नियम ११७ मा कार्यस्वीकार प्रतिवेदन र नियम १२५ मा कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने प्रावधान रहेको छ।कार्यालयले काउले खोला घाटमा एक र रिट्डेखोला घाटमा एक झोलुङ्गे पुल निर्माण गर्न आवश्यक सामाग्री तथा पार्टसहरुको वोलपत्रको माध्यमबाट खरिद गरी हेटौंडा फेव्रिकेशन एण्ड ग्यालगलाईजिङ प्रा. लि .लाई रु २२,३०,३४७।७६ भुक्तानि गरेको छ।तर उक्त सामाग्रीकJ प्रयोगबाट २ वटा झोलुङ्गे पुल निर्माण कार्य सम्पन्न गरी सम्पूर्ण निर्माण कार्य सम्पन्न भएको कार्यस्वीकार प्रतिवेदन लेखापरिक्षण अवधि २०८० भाद्रसम्म पनि पेशहुन आएको नदेखिएको ले पेश हुनुपर्दछ।

देउराली चोक देखि गैडाकोट सम्मको सडक, अल्छे पचासे सडक, कुड्डुले देखि मालिका सम्मको सडक, पन्चासे कुड्डुले स्कुल सम्मको सडक, विचिण्डाचोक सडक, ठाकुरखोला रातामाटा भवनदेखि तातोपानि सम्मको सडक र मेयरको घरनेरको सडक सुधार गर्न सडक

वोर्ड नेपालको ७० प्रतिशत र नगरपालिकको ३० प्रतिशत लागत सहभागिता व्यहोर्ने गरी दुई पक्षविच २०७८।१२।२५ मा सम्झौता भएको देखियो।सोही बमोजिम नगरपालिकाले ठेक्का व्यवस्थापन मार्फत निर्माण व्यवसायी कालिका ईन्फ्रास्ट्रक्चर प्रा लि सँग ठेक्का न ५- २०७८\२०७९ बाट रु १२२०५००५। को सम्झौता गरी कार्य पुरा गराएकोमा निर्माण व्यवसायिले रु १०४६०५८२।४४ को कार्य गरेको देखियो। तर लेखापरिक्षण अवधि २०८० भाद्रसम्म सडक वोर्डबाट व्यहोरिने ७० प्रतिशत लागत रकम रु ७३२२४०८। प्राप्त भएको नदेखिदा ठेक्काको कार्य सम्पन्न हुन सकेको पाइएन। तसर्थ सडक वोर्ड नेपालबाट प्राप्त हुनुपर्ने रकम यथाशिघ्र प्राप्त गरी उक्त ठेक्काको कार्यस्वीकार प्रतिवेदन तयार गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७३,२२,४०८ |

२१.२ कामको प्राविधिक पुष्ट्याइ: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ अनुसार कामको प्राविधिक पुष्ट्याइ सहितको कार्यस्वीकार प्रतिवेदन स्वीकार गरेपछि नियम १२४ अनुसार अन्तिम भुक्तानि दिनुपर्ने उल्लेख छ।श्री गणेश मा. वि. वागलुङ नगरपालिका १४ नारायणस्थानलाई नमुना विद्यालय विकास कार्यक्रम अन्तरगत भवन निर्माण र कक्षा ११ स्तरोन्नती भएका प्राविधिक विद्यालयको ल्याव व्यवस्थापन वापत उपभोक्ता समिति र नगरपालिका विच रु ९९,९६,५७२ को सम्झौता भएको छ।जसअनुसार कार्यालयले विद्यालयलाई प्रथम र दोस्रो तथा अन्तिम किस्तास्वरुप रु ८९,९९,९१० भुक्तानि दिएको छ तर उक्त भुक्तानि रकमको नापी किताव ठेक्का विल कार्यस्वीकार प्रतिवेदन र खर्चको आवश्यक विल भर्पाई सहितका प्राविधिक पुष्टयांइ पेश हुन नआएकोले पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८९,९९,९१० |

२२ **परामर्शदाता**

परामर्शदाता: वागलुङ नगरपालिकास्थित मुलपानी कालिमाटी तितौरे सडक ९.७० कि. मी. ओडारचौर ढोडेनी सडक १.६० कि. मी. गणेशस्थान घुम्ती निरेघाट सडक १.८० कि. मी. र जलकिनी भैरवस्थान सडक ८.६० कि. मी. समेत ४ वटा सडकको सम्भाव्यता अध्ययन गर्ने, डि पि आर प्रतिवेदन तयारी गर्ने, IEE अध्ययन गर्ने र निर्माण कार्यको सुपरभिजन गर्ने प्रयोजनका लागि परामर्शदाता C2TECH (GIDA)- GIDAN JV सँग रु २,२४,३९,५४० (मु अ कर समेत)को समय आधारित( Time Based) सम्झौता मिति २०७९ असोज २८ मा भई कार्य अवधि ३६ महिना तोकिएको छ।निज परामर्शदातालाई यव आर्थिक वर्षमा गो. भौ. न. ३७, ४५, र ७४ बाट २ वटा रनिङ विलको भुक्तानि रु ६२१२६८२। (पेश्की फछ्र्यौट २५०६१९५। समेत) भुक्तानि गरिएको छ।जसमा देखिएका व्यहोरा निम्न छन्।

१. मुल्य अभिबृद्धि कर ऐन, २०५२ र नियमावली, २०५३ अनुसार करदाताले रकम भुक्तानि प्राप्त गर्दा रितपूर्वकको कर विजक जारी गर्नुपर्दछ।उक्त रकम निज करदाताले भुक्तानि प्राप्त गर्दा गो. भौ. न .३७ को भुक्तानिमा रु ४७,८३,२०२।८९ र गो. भौ. न. ७४ को भुक्तानिमा १०,५३,६६५ समेत जम्मा रु ५८,३६,८७६।८९ को मात्र कर विजक जारी गरेको देखिदा भुक्तानि प्राप्त रकममा नपुग कर विजक रकम रु ३,७५,८१५ मा समावेश रहेको मु. अ. कर रकम नियमानुसार मु. अ. कर खातामा समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु

२. परामर्शदाताले सम्झौतामा तोकिए बमोजिमको कार्य तोकिएको परिमाण सममय र गुणस्तर बमोजिम सम्पन्न गर्नुपर्दछ।निज परामर्शदातासँग ३६ महिना समयावधि राखी सम्झौता गरिएकोमा लेखापरिक्षण अवधिमा सम्झौताको करिव ११ महिना भन्दा वढी अवधि व्यतित भैसकेको छ।तर लेखापरिक्षण अवधिसम्म उक्त ४ वटा सडकहरु निर्माण गर्न ठेक्का व्यवस्थापन भई सम्झौतासम्म पनि हुन नसकेको देखिदा निज परामर्शदाताबाट तोकिए बमोजिमको कार्य तोकिएको अवधि भित्र सम्पन्न हुन सक्ने देखिदैन।यस सम्बन्धमा जिम्मेवार व्यक्ति र निकायको यथाशिघ्र ध्यान जानुपर्ने देखिन्छ।

३. उक्त सडकहरुको निर्माणकार्य विश्वबैंकबाट प्राप्त ऋण सहयोगबाट निर्माण गरिने प्रावधान तोकिएकोमा प्राप्त सहयोगबाट उक्त ४ वटा सडकहरुको निर्माण कार्य सम्पन्न गर्न लागत नपुग हुने कारण जनाई उक्त ४ वटा सडकहरुमध्ये जलकिनी भैरवस्थान ८.६० कि. मी. सडक निर्माण नगरी अन्य ३ वटा सडकहरुमात्र निर्माण गर्न कार्य प्रकृया अगाडि बढाइएको व्यहोरा लेखापरिक्षणका क्रममा जानकारी

प्राप्त भयो। उपरोक्त ४ सडकको सम्भाव्यता अध्ययन, डिपीआर प्रतिवेदन ,IEE अध्ययन र निर्माण कार्यको सुपरभिजन गर्नको लागि जनशक्ति लगायत अन्य खर्चको कार्य परिमाण निर्धारण गरी ठेक्का व्यवस्थापन मार्फत सम्झौता गरिएको स्थितिमा ८.६० कि मी को एक सडक निर्माण कार्य नगर्ने स्थितिमा परामर्शदाताको खपत हुने जनशक्ति र अन्य लागत खर्च समेत सोही बमोजिम घट्न जाने हुँदा परामर्शदातासँग भएको सम्झौता रकममा समेत सो अनुसार पुनरावलोकन गरी सम्झौता लागत घटाउनुपर्ने देखिन्छ।

४. परामर्शदाताले गर्ने कार्यको कार्यप्रकृति अनुरुप सम्भाव्यता अध्ययनको कार्य, डिपीआर तयारीको कार्य र IEE अध्ययन गर्ने कार्य परिमाणमा आधारित (Result Based) र निर्माण कार्यको सुपरभिजन गर्ने कार्य समयमा आधारित ( Time Based) सम्झौता गर्नुपर्ने देखिएकोमा सो बमोजिम सम्झौता नगरी एकमुष्ट रुपमा समयमा आधारित ( Time Based) सम्झौता गरेको पाइयो।जसले गर्दा परामर्शदातासँग गरिएको सम्झौतामा उल्लेखित कार्य परिमाणहरु ( Man days र अन्य कार्य परिमाण) तोकिएको काम समाप्त नभई अन्त्यमा निर्माण कार्यको सुपरभिजनमा man days नपुग भई थप लागत व्यहोर्नुपर्ने हुनसक्ने हुँदा यसतर्फ जिम्मेवार पदाधिकारीको ध्यान जानुपर्ने देखिन्छ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४९,८८७ |

२३ **खरिद टुक्राएको**

खरिद टुक्राएको – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु१० लाखभन्दा माथि रु।२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । नगरपालिकाले यो वर्ष करिव १०० भन्दा बढी बिक्रेताबाट रु ३१३०८०००। रकम बराबरको बिभिन्न बस्तु, सामाग्री तथा निर्माण सामाग्री खरिद गरी बिक्रेतालाइ भुक्तानी गरेको बिबरण प्राप्त भएको छ । यसरी यो वर्ष पूँजीगत तथा चालु किसिमका सामान खरिद गर्दा सोझै तथा ३ वटासंग दर माग गरी पटक पटक खरिद गरीएको छ । कार्यालयले वार्षिक खरिद योजना बनाई सोही बमोजिम स्वीकृत कार्यक्रम अनुसार खरिदको प्याकेज बनाइ प्याकेज अनुसार एकमुष्ठ रुपमा खरिद कार्यहरु गर्नुपर्नेमा सो बमोजिम गरेको छैन । विभिन्न कार्यक्रम संचालनको क्रममा खरिद गरेका विभिन्न सामाग्री तथा सम्पत्तीहरु, विभिन्न किसिमका कार्यक्रमको लागी चाहिने सामाग्रीहरु आदिको खरिद कार्य गर्दा साना ठुला सबै कार्यक्रम प्रत्येकको छुट्टा छुट्टै रुपमा कार्यक्रम वाईज सोझै वा दररेट लिएर खरिद गर्ने गरेको छ । वार्षिक खरिद योजना अनुसार सबै प्रकारका मालवस्तु तथा सम्पत्तीको एकमुष्ट प्याकेज बनाएर सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ ले तोकेको खरिद विधि र प्रकृया पुरा गरी प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्ने व्यवस्था मिलाउनु पर्नेमा सो बमोजिम नगरी छुट्टा छुट्टै रुपमा खरिद गर्ने गरिएको छ । जसले गर्दा एउटै सामाग्री समेत कार्यक्रम वाइज पटक पटक खरिद गर्नु परेको, मूल्य समेत फरक पर्ने गरेको, एउटै सामग्री फरक फरक बिक्रेताबाट एउटै वा फरक मितिमा खरिद गर्ने गरिएको अवस्था बिद्यमान रहेको देखियो । वर्ष भरिमा कुन कुन मालवस्तु के कति परिमाणमा के कति मूल्यको खरिद भयो एकमुष्ट अभिलेख अद्यावधिक नगरेबाट यकिन गर्न सकिएन । यसवाट खरिद कार्य व्यवस्थित, कानुन सम्मत, मितव्ययी र प्रतिस्पर्धी रुपमा भयो भन्न सकिने अवस्था देखिएन । उदाहरणको लागी नगरपालिका पुजीगत खर्च शिर्षक अन्तरगतका केही गौ भौ नं लाइ परीक्षण गरी हेर्दा निम्नानुसार देखियो ।

| भौ. नं. | विवरण | भुक्तानी |
|---|---|---|
| १६० | कार्यालयका लागि फर्निचर सामाग्री खरिद गरेबापतसृष्टि फर्निचर उद्योगलाई भुक्तानी | ४,९२,६१२ |
| १६७ | सृष्टिफर्निसिङ सेन्टरलाई फर्निसिङ सामान खरिदको भुक्तानी | ९९,१७५ |
| १८० | सृष्टि फर्निसिङ सेन्टरको नाममा भुक्तानि | ५५,२२८ |
| १९२ | फर्निचर खरिद | ६०,००० |
| १९७ | तारजालि खरिद बापत लोकप्रिय सप्लायर्स लाई भुक्तानि | ९९,७९० |
| १९९ | श्री ग्यालेक्सी फर्निचर एण्ड फर्निसिङ सेन्टरलाई रकम भुक्तानि | ७३,७८९ |
| २०१ | श्री न्यु कम्प्युटर बजार खरिद तथा विक्री केन्द्र बागलुङ लाई भुक्तानि | ९३,००० |
| २०३ | ग्यालेक्सी फर्निचर एण्ड फर्निसिङ सेन्टर लाई भुक्तानि | ५६,५०० |
| २०५ | सृष्ट्री हार्डवयर लाई विल रकम भुक्तानि गरियो | ९९,८१८ |
| २१६ | सिर्जना फर्निचर लाई विल रकम भुक्तानि | ६७,२३५ |
| २२६ | पाइप खरिदका लागिसर्वसिद्धि हार्डवयर्स प्रा लि लाई रकम भुक्तानि | ४८,३०७ |
| २३८ | खानेपानी योजना पाइप वितरण खर्चको रकम श्रेष्ठ हार्डवयर्स लाईभुक्तानि | ५,७३,६६२ |
| २५० | माइक्रो कम्प्युटर लाई विल बमोजिम रकमभुक्तानि | ८५,००० |
| २९४ | शिवलायईलेक्ट्रीकल एण्ड इलेक्ट्रीकल एण्ड इलेक्ट्रोनिक्स बागलुङ लाई भुक्तानि | ५९,३३२ |
| ३२२ | प्रोफेशनल कम्प्युटर इन्सिच्युटको विल बमोजिम रकम भुक्तानि | ३,३७,६४४ |
| ५०९ | साउण्ड सिष्टम खरिद गरेको खर्चको रकम क्वालिटी इलेक्ट्रोनिक्स बागलुङ लाईभुक्तानि | २७,५०० |
| ५११ | वडा नं. ५ प्रिन्टरमल्टीमिडिया स्क्रीन खरिद प्रोफेशनल कम्प्युटर इन्सिच्युटलाई भुक्तानि | ८६,००० |
| ५३६ | ४नं वडा कार्यालयको लागि आवश्यक फर्निचर खरिदको रकम भुकतानी | २,५४,३५४ |

जिन्सी दाखिला – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को दफा ९५ अनुसार कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकाले हस्तान्तरण भई वा बस्तुगत सहायता र मुल्य समेत खुलाई सम्पत्ती तथा जिन्सी किताबमा सात दिन भित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नु, गराउनु पर्ने प्रावधान रहेकोमा सो बमोजिम भएगरेको नदेखिएकोले सोको कार्यान्वयन हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

## २४ मुल्य समायोजन लगायतका बुदाँ

२४.१ मुल्य समायोजन: सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ र नियमावली २०६४ को नियम ११९ मा खरिद सम्झौतामा मुल्य समायोजन सम्बन्धि व्यवस्था छ। कार्यालयले देहाय बमोजिमका स साना ठेक्का व्यवस्थापनहरुमा समेत ठेक्का अवधि १२ महिना भन्दा बढी राखि ठेक्का सम्झौतामा समावेश गराइ मुल्यवृद्धि भुक्तानि दिने गरेको देखियो।यसरी ठेक्का अवधि कायम गर्दा कार्यतालिकालाई वैज्ञानिक आधारमा तयार गरेको पाइएन र निर्माण कार्य गर्दा समेत सोही कार्य तालिका बमोजिम हुवहु रुपले कार्यन्वयन गरेको समेत पाइदैन। सम्झौताको दफा ५३.१ मा पेश्की बाँकी रकम समेत नघटाइ मुल्य वृद्धि हिसाव गणना गर्ने भनी उल्लेख गरेको आधारमा पेश्की बाँकी रकम समेत मुल्य वृद्धि गणनामा नघटाइ सो मा समेत मुल्य वृद्धि रकम भुक्तानि भएको देखियो।यसप्रकार

भुक्तानि गरेको मुल्यबृद्धि रकमबाट कार्यालयलाई व्ययभार पर्न गएको छैन भन्ने अवस्था नदेखिदा जिम्मेवार पदाधिकारीको ध्यान जानुपर्ने देखिन्छ।केही उदाहरण निम्न छन्।

| कामको विवरण | ठेक्का रकम | ठेक्का अवधि | हालसम्मको भुक्तानि | मुल्यवृद्धि भुक्तानि |
|---|---|---|---|---|
| नारायणस्थान स्वास्थ्यचौकी भवन निर्माण | १,५८,३३,१४३ | १५ महिना | २४,२६,१९९ | ६६,१५८ |
| मुलपानी स्वास्थ्यचौकी भवन निर्माण | १,७०,५६,३५६ | १५ महिना | १,१४८९,,२२१ | ६,१९,४०२ |

भौतिक रुपमा कार्य सम्पन्न नभएको: निर्माण व्यवसायीले सम्झौतामा तोकेको अवधि तोकिएको कार्य सम्पन्न गरी सार्वजनिक खरिद नियमावलीको नियम ११७ बमोजिम कार्यस्वीकार प्रतिवेदन स्वीकृत गरी नियम १२४ बमोजिम अन्तिम भुक्तानि गर्नुपर्दछ।नगरपालिका कार्यालय भवनमा मिटिङ हल निर्माण गर्न ठेक्का नं २ -२०७९/८० बाट निर्माण व्यवसायी अत्रि कम्पनि प्रा लि सँग रु १८९०६५९(मु अ कर बाहेक) को सम्झौता २०७९/८/८ मा गरी प्रथम पटक म्याद थप समेत कार्य सम्पन्न गर्ने अवधि २०८०/३/३० सम्म तोकिएको छ।निर्माण व्यवसायीले रु२०२५१८८। वरावरको कार्य सम्पन्न गरेको जनाइ मिति २०८०/३/२४ मा दोस्रो तथा अन्तिम विलको भुक्तानि लिइ कार्यस्वीकार प्रतिवेदन समेत तयार गरेको देखियो।तर लेखापरिक्षण अवधि २०८० भाद्र १० सम्म पनि उक्त निर्माण कार्य भौतिक रुपमा सम्पन्न नभइ फिल्डमा कार्य भैरहेको निरिक्षणको क्रममा देखिन आयो । यस सम्बन्धमा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्ने देखिन्छ।

.काममा ढिलाई: निर्माण व्यवसायीले सम्झौतामा तोकेको अवधि भित्र तोकिएको निर्माण कार्य तोकिए बमोजिम सम्पन्न गर्नुपर्छ। पैयुपाटा १५ वेडको प्राथमिक स्वास्थ्य केन्द्र भवन निर्माण कार्यको लागि ठेक्का न ११-२०७७/७८ को निर्माण व्यवसायी महालक्ष्मी\ जुगल जे भी सँग रु १२८६९१२८२। (मु. अ. कर र पि एस समेत) को ठेक्का सम्झौता मिति २०७८/३/२३ मा भइ कार्य सम्पन्न गर्ने अवधि २४ महिना अर्थात २०८०/३/२२ सम्म तोकिएको थियो।सम्झौतामा तोकिएको अवधिमा निजले जम्मा रु२०२९१३३३। को कार्य गरी गतवर्ष प्रथम रनिङ विल र यो वर्ष दोस्रो रनिङ विलको रकम मुल्यबृद्धि रु१९६७३९०। समेत हुने रु २२२५८७२३। भुक्तानी गरेको छ। जसअनुसार निजले तोकिएको सम्झौता अवधिमा १७.३० प्रतिशत मात्र प्रगति हासिल गरेको पाइयो।लेखापरिक्षण अवधि २०८०/५/१२ भन्दा करिव डेढ महिना अगाडि नै ठेक्का अवधि समाप्त भैसकेकोमा यसविचमा कार्यालयले यथाशिघ्र कार्य गराउन वा ठेक्का तोड्नेतर्फ आवश्यक पहलकदमी गरेको देखिएन। मिति २०७८/३/२७ मा रु १ करोड १० लाख र मिति २०७९/३/१२ मा रु १ करोड १३ लाख समेत गरी रु २ करोड २३ लाख मोविलाइजेशन पेश्की समेत निर्माण व्यवसायीलाइ उपलब्ध गराइएकोमा उक्त रकम निर्माण कार्यको प्रगति हासिल गर्नमा प्रयोग गरेको समेत देखिन आएन । तसर्थ जिम्मेवार पदाधिकारीको यथाशिघ्र ध्यान गइ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० र १२१ बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति असुल सहित नियमानुसार म्याद थप गरी यथाशिघ्र तोकिएको कार्य सम्पन्न गराउनुपर्छ।

खरिद टुक्रयाएको: सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (२) मा खरिद गर्दा टुक्रा टुक्रा पारेर खरिद गर्न नहुने उल्लेख छ। त्यसैगरी नियमावली, २०६४ को नियम ८ उपनियम १ खण्ड (ख) मा खरिदको सम्भावित प्याकेज सम्बन्धमा उल्लेख छ।वालुङ- ४ सिंगानास्थित लामिचौर खानेपानी आयोजना निर्माण गर्दा ठेक्का न ८ -२०७९/८० बाट निर्माण व्यवसायी एप्पल कन्सट्रक्सन सँग रु ८०९३७८८। को ठेक्का सम्झौता मिति २०८०/२/१६ मा गरी कार्य सम्पन्न गर्ने अवधि ३ महिना तोकिएको छ।जसमा यो आ. व. मा रु ११५९२७३। वरावरको कार्य गरी प्रथम रनिङ विलबाट भुक्तानि दिइएको छ।त्यसैगरी वागलुङ नगरपालिका, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय वागलुङ,(प्रदेशस्तरीय कार्यालय) र वडा न ८ समेतको त्रिपक्षिय सम्झौता मिति २०८०/२/८ मा गरी उक्त योजनामा पम्पीङको कार्य, मुल नहरको कार्य, पानी पोखरीहरु धारा वितरण लाइन आदि कार्यहरु खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय वागलुङबाट गरिने गरी तोकिएको समेत देखियो।जसका कतिपय कार्य आइटमहरु उपरोक्त निर्माण व्यवसायीको TOR सँग समेत मेल खाने देखिन्छ।तसर्थ यसरी एउटै योजनालाई २ निकायबाट छुट्टाछुट्टै गराउने गरी योजना टुक्रयाएको कार्यलाई उपरोक्त ऐन अनुरुप भयो भन्न मिल्ने देखिदैन।त्यसैगरी कतिपय कार्य आईटमहरु दुवैतिर समावेश भएको देखिदा कार्यमा दोहोरो परे नपरेको यथार्थता एकिन हुनुपर्दछ।

सैद्धान्तिक बेरुजु

२४.२

घटी काम गरी सम्पन्न गरेको: सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ र नियमावली, २०६४ को नियम ११८ मा कामको भेरिएसन सम्बन्धमा व्यवस्था गरेको छ।निम्न निर्माण कार्यको ठेक्कामा निर्माण व्यवसायीले सम्झौतामा (संशोधन समेत) उल्लेख भए भन्दा न्युन कार्य गरेको अवस्थामा समेत सो को औचित्य र प्राविधिक कारण तथा पुष्ट्याइ सहित भेरिएसन आदेश स्वीकृत गराएर मात्र उक्त कामको अन्तिम प्रतिवेदन तयार गरी भुक्तानी गर्नुपर्नेमा सो वेगर नै अन्तिम भुक्तानी गरी ठेक्काको अन्त्य गरेको पाइयो।तसर्थ निज निर्माण व्यवसायीलाइ नियमावली को नियम १२१ बमोजिम म्याद थप गरेर बाँकी निर्माण कार्य सम्पन्न गराउनु पर्ने देखिएको रु

| सिन | कामको विवरण | निर्माण व्यवसायी | संशोधित समेत सम्झौता रकम | जम्मा गरेको कार्य | घटी प्रतिशत | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| १ | भलाटाकुरा काभ्रे कालीमाटी सडक निर्माण कार्य | एप्पल कन्स्ट्रक्सन प्रा. ली | ९३,४१,७९५ | ७४,२८,४१५ | २०.५० | ७४२८,,४१५ |
| २ | मान्सा साँधखोला सडक निर्माण कार्य | जुगल विल्डर्स कम्पनि प्राली | ७७,१४,७१४ | ६,२३१,२३२ | १९.३० | ६२,३१,२३२ |

.कार्य सम्पन्न नगरेकोः निर्माण व्यवसायीले सम्झौतामा तोकेको अवधि भित्र तोकिएको कार्य तोकिए बमोजिम सम्पन्न गर्नुपर्दछ।सम्पन्न गर्न नसकिने उचित कारण भए सार्वजनिक खरिद नियमावली २०६४, को नियम १२० अनुसार म्यादथप गरेर र निर्माण व्यवसायीको हेलचेक्रयांइको कारण तोकिएको अवधिमा कार्य सम्पन्न हुन नसके नियम १२१ बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्ने गरी नियम १२० बमोजिम म्यादथप गरेर निर्माण कार्य सम्पन्न गराउनुपर्ने प्रावधान रहेको छ। निम्न निर्माण कार्यमा निर्माण व्यवसायीहरुले म्यादथप समेत निम्नानुसारको निर्माण कार्य तोकिएको अवधिमा सम्पन्न नगरी अधुरो रहेको देखिन आयो।तसर्थ उक्त नियमानुसार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्ने गरी निम्न ठेक्काको म्याद थप गरेर यथाशिघ्र कार्य सम्पन्न गर्नु गराउनु पर्ने देखिन्छ।

| सि.न | कामको विवरण | निर्माण व्यवसायी | सम्झौता रकम | म्यादथप समेत कार्य अवधि | हालसम्म भएको कार्य | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| १. | रिड्डेखोला मोटरेवल पुल | कान्ती कन्स्ट्रक्सन प्रा लि. | १,९९,,९९,०९३ | २०८०/२/१५ | ५७,६७,४६१ | ५७,६७,४६१ |
| २. | वृद्धाश्रम भवन निर्माण वडा नं ४ | जुम्ली निर्माण सेवा प्रा. लि. | २,५७,९०१४६ | २०८०/३/२६ | १,८३,९३,४६४ | १,८३,९३,४६४ |
| ३. | मुलपानी स्वास्थ्यचौकी भवन निर्माण | जुम्ली निर्माण सेवा प्रा. लि. | १,७०,५६,३५६ | २०८०/३/३० | १,०८,६९,८१९ | १,१४,८९,२२१ |

| **क्रम** | **कर्मचारीको/फर्म/संगठन नाम** | **असुली रकम** |
|---|---|---|
| २४.२.१ | प्रमाण पेश गर्नुपर्ने | १,३६,५९,६४७ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३६,५९,६४७ |

## २५ पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च

पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट खर्च गरी भुक्तानी दिएको पाईयो । उदाहरणको लागी नगरपालिका पुजीगत खर्च शिर्षक अन्तरगतका केही गौ भौ नं लाइ परीक्षण गरी हेर्दा निम्नानुसार देखियो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

| भौ नं | प्रयोजन | रकम |
|---|---|---|
| १५५ | सरसफाईका ज्यालादारी कर्मचारीहरुको साउन महिनाको तलब भुक्तानी | ६३,००० |
| १५७ | सरसफाईका ज्यालादारी कर्मचारीहरुको भदौ महिनाको तलब भुक्तानी | ६३,००० |
| १५९ | फोहोरमैलाअन्तर्गतका कर्मचारीहरुको दैनिक खाजा बापतको रकम न्यू अमिना गेष्ट हाउसको नाममाभुक्तानी | ७१,४०० |
| १७२ | फोहोरमैलाव्यवस्थापनमा खर्च भएको इन्धनको रकमको भुक्तानी न्यू ध्रुव इन्टरप्राइजेजलाई | २,९२,४०४ |
| १८९ | सरसफाईका ज्यालादारी कर्मचारीहरुको आस्बिन महिनाको तलब भुक्तानी | ६३,००० |
| २०९ | मुस्लिम महान चाडमोहम्मद डेको मनाउन लागेको खर्चको विल भुक्तानि | २०,००० |
| २१३ | नबौ रष्टिय खेलकुद मा कवर्ड हलको शौचालयसरसफाई गरे बापत तिर्थ बहादुर र खेम कुमारी पौडेल लाई डोर हाजिरी भुक्तानि | ९,८४० |
| २१८ | न्यु धुव्रइन्टरप्रइजेजलाई विल बमोजिम रकम भुक्तानि | ४५,७२५ |
| २४४ | फोहोरमैलाव्यवस्थापनमा कार्यरत कर्मचारीहरुको कार्तिक महिनाको ज्याला भुक्तानी | ६३,००० |
| २५७ | फोहोरमैला संकलन तथा विसर्जन कार्यमा कामकाज गर्नेकर्मचारीहरुको आश्विन र कार्तिक महिनाको खाजा बापतको (न्यूअमिना गेष्ट हाउस) लाई भुक्तानी | ५२,५०० |
| २७२ | नाली सरसफाइ कार्यक्रम रकमभुक्तानि | ५८,००० |
| २७४ | इन्धन खर्च रकम न्युधुब्र इन्टरप्रजइको नाममा भुक्तानि | १८,८४७ |
| २७५ | कार्तिक महिनाको इन्धन खर्च रकम न्यु धुब्र इन्टरप्रजइकोनाममा भुक्तानि | ९१,२४० |
| २७६ | गुठीयुवा क्लवको नामा भुक्तानि | ५०,००० |
| ३७१ | सरसफाईका ज्यालादारी कर्मचारीहरुको पौषमहिनाको ज्याला भुक्तानी | ६३,००० |
| ३८९ | विभिन्न शिर्षकमा भएको इन्धनको खर्चबा रकमको भुक्तानी न्यू ध्रुव इन्टरप्राइजेज प्रा. लि.लाई | ५०,८८८ |
| ४११ | फोहोरमैला व्यवस्थापनमा कार्यरतकर्मचारीलाइ खाजा खर्च रकम भुक्तानी | ५२,५०० |
| ४८५ | सरसफाईका करार कर्मचारीहरुको माघ महिनाकोतलबभत्ता भुक्तानी | ७७,०१६ |
| ५०२ | कर्मचारीको फिल्ड भत्ता वापतको रकमभुक्तानी | १,७९,९०० |

सैद्धान्तिक बेरुजु

२६ **कन्टिन्जेन्सीः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (७) सँग सम्बन्धित अनुसूची (१) अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट र स्टाफ खर्चको लागि कुल लागतको २ प्रतिशत र अन्य सानातिना खर्चको लागि २ प्रतिशत कन्टिन्जेन्सी खर्चको व्यवस्था गरी खर्च गर्न सकिने व्यवस्था छ । नगरपालिकाले यस बर्ष बिभिन्न योजनाको रु २७१०२००। कन्टिन्जेन्सी वापत

रकम छुट्टाएकोमा रु १५५५९७८। खर्च गरी रु ११३१२२२। बाकी रहेको बिबरण पेश गरेको छ । यसरी छुट्टाएको कन्टिन्जेन्सी रकम खर्च गर्दा कार्यालयले व्यवस्थित अभिलेख नराखी खर्च गर्ने गरेको देखियो । तसर्थ कटिन्जेन्सीको व्यवस्थित अभिलेख राखि खर्च गर्ने तर्फ ध्यान दिनुपर्दछ ।सुत्रबाट नै सोको अभिलेख देखिने व्यहोरा कार्यालयको रहेको छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२७ **बढी भुक्तानी**

आर्थिक कार्यविभि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो रकम खर्च गर्ने विल भर्पाइ प्रमाण र कागजात संलग्न गर्नुपर्ने उल्लेख छ।ठेक्का नं ४ -२०७८/७९ मुलपानी स्वास्थ्यचौकी भवन निर्माण कार्यका लागि निर्माण व्यवसायी जुम्ली सेवा निर्माण प्रा लि लाइ प्रोभिजनल सम बापत विमा शुल्कको रकम भुक्तानी दिदा प्रथम रनिङ्ग विल र दोस्रो रनिङ्ग विल दुवैमा समावेश गरी एउटै रकम दुइपटक भुक्तानी दिएकोले दोहोरो पर्न गएको रु ९५३७३।३७ र प्रथम रनिङ्ग विलमा दोहोरो मु अ कर थप गरी भुक्तानी भएको देखिएकोले दोहोरो मु. अ. कर रु १०९७२।१६ समेत बढी भुक्तानी हुन गएको रकम असुल हुनुपर्ने रु...

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०६,३४६ |

२८ **पारिश्रमिक कर**

आयकर ऐन, २०५८ अनुसार नियमित रुपमा नभई पटके रुपमा प्राप्त हुने आयमा १५ प्रतिशत अग्रिम करकट्टी गरी भुक्तानी गनुपर्ने व्यवस्था छ । कानूनमा उल्लेखित करको दर भन्दा कम कर कट्टी गरी कार्यालयबाट भुक्तानी भएको व्यहोरा निम्नानुसार छ । नपुग कर असुल हुनुपर्ने रु

| गो भौ /मिति | कार्यक्रम | मुख्य प्रशिक्षक तथा प्रशिक्षकको भुक्तानी | १५% ले हुने कर | कट्टी गरिएको कर | नपुग कर |
|---|---|---|---|---|---|
| १०- ०७९/९/७ | बुट्टेनली तथा हस्तकला प्रवर्द्धन कार्यक्रम | ४५००० | ६७५० | ४५० | ६३०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,३०० |

२९ **विल भपाई वेगर भुक्तानी**

आर्थिक कार्यविभि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो रकम खर्च गर्ने विल भर्पाइ प्रमाण र कागजात संलग्न गर्नुपर्ने उल्लेख छ।निम्न भुक्तानीको प्रमाण कागजात पेश हुन आएको नदेखिएकोले पेश हुनुपर्ने रु

| गो भौ न | योजना/कार्यक्रम | कामको विवरण | परिमाण | दर | जम्मा |
|---|---|---|---|---|---|
| ९ | ढकाल थर देखि कुडार सम्म नाली निर्माण | ११० एच.डि.पि पाइप खरीद | १०mm | ७७६.४८ | ७७६४.८० |
| ५९ | बोक्से खाल्टा खहरे सडक निर्माण योजना वडा नं. ३ | १६० एम एम बाक्लो ६ इन्च ६ के.जि प्रेसर को पाइप | २५ मि | १६६३.८१ | ४०८४५.२५ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४८,६१० |

३० **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । प्राप्त विवरण अनुसार यस स्थानीय तहले देहाय बमोजिम विभिन्न प्रयोजनको लागि यो वर्ष बिभिन्न

व्यक्ति एवं संघ संस्थालाई रु. १४५४८६८ आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा कानुनको पूर्ण पालना गर्दै मितव्ययिता कायम गर्नु पर्दछ ।

| गो. भौ. न्ं. र मिति | आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको नाम | सहायता रकम |
|---|---|---|
| 26-2079/04/15 | जि. पि. कोइराला फाउण्डेशन | 10000 |
| 87-2079/05/06 | ज्ञानु श्रीस शर्मा | 10000 |
| 167-2079/06/02 | संकल्प पुनर्स्थापना केन्द्र | 30000 |
| 168-2079/06/02 | स्कोन नेपाल बागलुङ | 100000 |
| 206-2079/06/05 | श्री विश्वकर्मा उत्थान समाज | 10000 |
| 209-2079/06/06 | विद्यामन्दिर पुस्तकालय बागलुङ | 15000 |
| 311-2079/06/27 | दुर्गा बहादुर थापा | 10000 |
| 342-2079/07/02 | लायन्स क्लव अफ बागलुङ कालिगण्डकी | 50000 |
| 432-2079/07/23 | अर्जुन खत्री | 25000 |
| 433-2079/07/23 | धवलागिरि बहुमुखी क्याम्पस | 15000 |
| 458-2079/08/11 | बागलुङ उद्योग बाणिज्य महिला उद्यमी | 25000 |
| 608-2079/09/18 | चिल्ड्रेन ह्यूमन राईट | 5000 |
| 769-2079/10/13 | नेपाल राष्ट्रिय शिक्षक संगठन प्रदेश समिति गण्डकी प्रदेश पोखरा | 25000 |
| 788-2079/10/16 | सुदन विश्वकर्मा | 25000 |
| 867-2079/11/08 | टिकाराम थापा | 30000 |
| 869-2079/11/10 | शिवशक्ति योगेश्वर महादेव सेवा समिति | 15000 |
| 870-2079/11/10 | नेपाल भाषा मंका खलः | 30000 |
| 911-2079/11/17 | नव मालिका युवा क्लव | 25000 |
| 919/2079/11/19 | नयाँ विश्व डटकम | 15000 |
| 937-2079/11/23 | बागलुङ जेसिज | 20000 |
| 958-2079/11/30 | इस्कोन नेपाल बागलुङ | 40000 |
| 962-2079/12/01 | उद्यमशील मगर महिला संघ | 20000 |
| 986-2079/12/05 | सुरेश कार्कि | 35000 |
| 995-2079/12/09 | नेपाल भाषा मंका खलः | 30000 |
| 1005-2079/12/10 | रुद्रेपिपल युवा क्लव | 15000 |
| 1013-2079/12/12 | सुसिल परियार | 15000 |
| 1018-2079/12/13 | राष्ट्रिय युवा संघ नेपाल | 15000 |
| 1020-2079/12/13 | संयुक्त दलित संघर्ष समिति | 30000 |
| 1043-2079/12/19 | विश्व हिन्दु महासंघ | 30000 |
| 1066-2079/12/22 | दुर्गा बहादुर थापा | 15000 |
| | | |

| | | |
|---|---|---|
| 1155-2080/01/05 | धवलागिरि बहुमुखी क्याम्पस | 20000 |
| 1158-2080/01/05 | श्री तितौरे माध्यमिक विद्यालय | 10000 |
| 1259-2080/01/31 | जनप्रिय बहुमुखी क्याम्पस | 15000 |
| 1260-2080/01/31 | ज्ञानोदय वुद्ध विहार समिति | 20000 |
| 126४-2080/01/31 | श्री सर्वसिद्धिधाम पञ्चकोट | 25000 |
| 1375-2080/02/17 | कृष्ण कुमार श्रेष्ठ | 13385 |
| 1388-2080/02/17 | धन कुमारी खड्का | 15000 |
| 1390-2080/02/21 | भगत सर्वजित विश्वकर्मा प्रतिष्ठान | 40000 |
| 1399-2080/02/22 | नेपाल दलित मुक्ति मोर्चा | 10000 |
| 1405-2080/02/23 | प्रेस सेन्टर नेपाल | 10000 |
| 1411-2080/02/23 | लायन्स क्लव अफ बागलुङ कालिका | 50000 |
| 1465-2080/02/28 | मानव अधिकारका लागि महिला एकल | 15000 |
| 1504-2080/03/01 | बागलुङ जेसिज | 288000 |
| 1851-2080/03/23 | विश्वकर्मा उत्थान समाज बागलुङ | 15000 |
| 1899-2080/03/24 | नेपाल राष्ट्रिय शिक्षक संगठन | 10483 |
| १०१।२०८०।३।१३ | सहारा क्लव | १००००० |
| १०५।२०८०।३।१५ | नेपाल मगर बिद्धार्थी संघ | २०००० |
| ११२।२०८०।३।१७ | नेपाल शिक्षक संघ | १८००० |
| १५४।२०८०।३।२४ | प्रेश चौतारी | २५००० |
| | जम्मा | १४५४८६८ |

सैद्धान्तिक बेरुजु

३१ **उपभोक्ता समितिबाट गराएको कामः**

उपभोक्ता समितिबाट गराएको कामः कार्यालयले योवर्ष गरेको पूंजीगत खर्च मध्ये देहाय बमोजिम ७३७ वटा उपभोक्ता समितिहरुबाट रु.२८५९८५९८४। को कार्य गराएकोमा रु.४६८२९५०१। को कार्य जनसहभागिताबाट गराइ बाकी रु.२३९०७१३०३। नगरपालिकाबाट भुक्तानी भएको बिवरण प्राप्त भएको छ ।

| सि नं | विवरण | उपभोक्ता समिति संख्या | सम्झौता रकम | जनसहभागिताबाट भएको काम | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १ | यो वर्ष सम्झौता र कार्य गराइ भुक्तानी भएको | ६४३ | २४३५८०७९२ | ३६५१७९६६ | २०६९७७६४६ |
| २ | गतवर्ष सम्झौता र कार्य गराइ योवर्ष भुक्तानी भएको | ९४ | ४२४०५१९२ | १०३११५३५ | ३२०९३६५७ |
| | जम्मा | ७३७ | २८५९८५९८४ | ४६८२९५०१ | २३९०७१३०३ |

उक्त कारोवारको परीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् ।

१. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ र बागलुगं नगर पालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि,२०७५ को दफा ३ उपदफा (२), दफा ४ उपदफा (१) खण्ड (ञ) र दफा ४ को उपदफा (१) खण्ड (ट) लगायतका कानुन अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा डोजर, लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । जनसहभागिता वा लागत सहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, तोकिए बमोजिम काम नगर्ने उपभोक्ता समितिलाई भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुपर्ने, श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनु पर्ने, मेशीनरी उपकरणको प्रयोग गरेमा कारवाही गर्नुपर्ने, उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरूको कार्यसम्पन्न भएपछि सम्वन्धित निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने आदि व्यवस्थाहरु रहेका छन् । त्यसैगरी कुल लागत रु.१ करोडसम्म भएको तथा स्थानिय सीप, श्रोत र साधन उपयोग हुने र स्थानिय स्तरमा कार्य सम्पन्न गर्न सक्ने मात्र आयोजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत गर्न सकिने, उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैले गर्नु गराउनु पर्ने, अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्था मार्फत गर्न गराउन नपाइने र उपभोक्ता समितिको लगत अनुसूची १ मा तोकिएको ढांचामा अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ । कार्यालयले उपभोक्ता समितिबाट कार्यहरु गराउदा कानुनले तोके बमोजिमको अवस्था पालना गरेको नदेखिएको हुदा उपभोक्ता समितिबाट कार्यहरु गराउदा कानुनको पूर्णरुपले अनुशरण र पालना गरेर मात्र गराउनु पर्दछ ।

२. भुक्तानीको सिफारिसः उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यहरुको भुक्तानी गर्दा केहीमा फोटाहरु संलग्न राख्ने र उपभोक्ता समितिको सिफारिस तथा सम्वन्धित वडा अध्यक्षहरुको सिफारिस संलग्न गरेर भुक्तानी गर्ने गरेको देखियो । केहीमा फोटाहरु संलग्न गरेता पनि कार्य शुरु हुनु भन्दा पहिलेको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरि फोटा राख्ने गरेको देखिन आएन । त्यसैगरी सम्वन्धित वडाध्यक्षले भुक्तानीको सिफारिस गर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको उल्लेख गर्नुपर्नेमा अधिकाशं सिफारिसमा सो बमोजिम नगरी बजेट अनुरुपको कार्य सम्पन्न भएकोले भुक्तानीको लागी सिफारिस गर्दछु भन्ने भाषाको सिफारिस गर्ने गरेको देखियो । यसवाट तोकिए बमोजिमको परिमाण, गुणस्तर र लागतमा उपभोक्ता समितिहरुबाट कार्यहरु भएको छ भनि आश्वस्थता हुने आधार कमजोर रहेको छ ।

३. कामको नापजाच र हस्तान्तरण ः उपभोक्ता समितिबाट गरिएका कतिपय कार्यहरुमा स्वीकृत लागत अनुमानसन्ग बराबर नै हुनेगरी नापी किताव, ठेक्का बिल र कार्य सम्पन्न प्रतिवेदनमा कामको परिमाण राख्ने गरेबाट कामको यथार्थ मुल्यांकन सम्वन्धमा आश्वस्त हुनसक्ने अवस्था देखिएन । योजना हस्तान्तरण र सोको मर्मत सम्भारको व्यवस्था गरेको देखिन आएन । सम्वन्धित वडा तथा स्थानिय तहले यस प्रकार संचालन भएका योजनाहरुको अभिलेख अद्यावधिक गर्ने गरेको पाइएन ।

४. जनश्रमदान र लागत सहभागिता ः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । नगरपालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्पmबाट नगद लागत सहभागिता वा जनसहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको

अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । नगरपालिकाले उपभोक्ता समिति मार्फत गरेका कार्यहरु मध्ये धेरैजसो निर्माण कार्यमा १० प्रतिशत भन्दा बढीको हाराहारीमा जनसहभागिताबाट कार्य गराएको देखियो । स्थानिय सीप, श्रोत र साधन उपयोग हुने र स्थानिय स्तरमा कार्य सम्पन्न गर्न सक्ने मात्र आयोजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत गर्नु पर्ने, उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैले गर्नु गराउनु पर्ने र अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्था मार्फत गर्न गराउन नपाइने प्रावधानको पुर्ण पालना गर्दै उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा जनसहभागिता र लागत सहभागको अंश बृद्धि गरी योजनामा उपभोक्ताको अपनत्व बृद्धि गुर्नु पर्दछ ।

५. सार्वजनिक परिक्षणः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यको सामाजिक परिक्षण अन्र्तगत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । अधिकांश कार्य सडक निर्माण तथा मर्मत गर्ने कार्यहरु गरेको भएतापनि, भवन निर्माण, खानेपानी तथा कृषि तथा पशु विकास लगायतका कार्य गरेको छ । यस्ता कार्यको सार्वजनिक सुनवाई गरेको भएपनि सार्वजानिक सुनुवाई बिस्त्रित रुपमा नगरी तोकिएको फारम भरेर केही सिमित व्यक्तिको न्युन उपस्थिती रहने गरेको, आंशिक कार्यहरुमा खर्चको सार्वजनिकीकरण भनि माइन्युटमा लेखी राख्ने गरेको, फाइलमा राख्ने प्रयोजनको लागी मात्र फारम भरेर राख्ने गरेको अवस्था बिद्यमान रहेको देखियो । त्यसैले सार्वजनिक सुनुवाईको विश्वसनीयता देखिदैन । कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रवद्र्धन गर्नुपर्दछ ।

त्यसैगरी बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने आदि व्यवस्थाहरु रहेकोमा उपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रकृया पुरा गरेको देखिन आएन । समितिमा रहेका पदाधिकारी तथा सदस्यहरु उपरोक्त बमोजिमको पेशा, व्यवसाय वा रोजगारीमा संलग्न व्यक्तिहरु भए नभएको यकिन हुन सकेन । एउटै स्थानमा गर्ने फरक फरक निर्माण कार्यको लागी समेत फरक फरक उपभोक्ता समितिहरु गठन गर्ने गरेको छ । एउटै समयमा एकै व्यक्ति एक भन्दा बढी समितिमा रहे नरहेको सम्वन्धमा समेत यकिन हुने आधार देखिन आएन । यस सम्वन्धमा कार्यालयले अभिलेख अद्यावधिक गरी सुधार गर्नुपर्दछ ।

६ .उपभोक्ता समितिको म्यादथप – साववर्जनिक खरिद ऐन र नियमावलीमा उपभोक्ता समितिले सम्झौतामा तोकिएको अवधिमै तोकिएको कार्य सम्पन्न गर्नुपर्ने उल्लेख छ । उक्त ऐन तथा नियमावलीमा उपभोक्ता समितिको सम्झौता अवधिको म्यादथप गर्ने सम्वन्धमा उल्लेख भएको देखिदैन । कायार्यलयले गतवर्ष र यो वर्ष सम्झौता गरी कार्य गराएका मध्ये अधिकाशं उपभोक्ता समितिले सम्झौतामा तोकिए बमोजिमको अबवधिमा तोकिएको कार्य सम्पन्न गरेका छैनन् । यसरी समयमै काम सम्पन्न नगर्ने उपभोक्ता समितिले कार्यालयमा म्यादथपको लागि निवेदन दिएका तर कार्यालयले म्यादथप गरेको अवस्था देखिएन । कानुनमा भएको व्यवस्था र सम्झौतामा उल्लेखित समयावधि भित्र कार्य सम्पन्न नगर्ने उपभोक्ता समितिलाइ कानुन बमोजिम कार्वाही गरिनु पर्दछ ।

७. अनुगमन समिति ःः नगरपालिका उपमेयरको संयोजकत्वमा रहेको अनुगमन समितिले कामको विबरण, सम्पन्न भएको कामको अवस्था, अनुगमन गरेको मिति, अवधि, देखिएका कमि कमजोरी, र सुधारका विषय उल्लेख गरी सबै बिकास योजनाको अनुगमन गरेर प्रतिवेदन दिनुपर्नेमा सो बमोजिमा प्रतिवेदन नगरी रु १० लाख भन्दा बढी खर्च भएका योजनाको हकमा नगरपालिका स्तरिय अनुगमन समितिले र सो भन्दा घटी खर्च भएका योजनाको हकमा वडास्तरिय अनुगमन समितिले मात्र एक निश्चित फारममा समितिका सदस्यले हस्ताक्षर गरेर पेश गर्ने गरेको छ । सबै योजनाहरुमा उल्लेखित सबै प्रकारको व्यहोरा आश्वस्त हुनेगरी नगरपालिका स्तरिय अनुगमन समितिले सिफारिस गरे पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।

८ .तेश्रो पक्षबाट कार्य- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम १० अनुसार उपभोक्ता समितीसंग सम्झौता भइ तोकिएको कार्य उपभोक्ता समिति आफैले गर्नुपर्ने तेस्रो पक्षबाट गराउन नपाइने उल्लेख रहेको छ । उपभोक्ता समितिसंग सम्झौता गरि गराइएका कार्यहरु उपभोक्ता समिति आफैले नगरी तेस्रो पक्ष मार्फत गराउने गरेको पाइयो । आफैले नगरी तेस्रो पक्षबाट गराएबाट नियम बमोजिम उक्त उपभोक्ता समितिलाई कालो सुचीमा राख्नुपर्नेमा सो बमोजिम गरेको देखिन आएन ।

९. हेभी इक्विपमेण्टको प्रयोग ः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ९९० मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । कार्यालयले उपभोक्ता समिति मार्फत गरेका कार्यहरु मध्ये अधिकांश कार्य मोटर बाटो ढलान गर्ने, स्तरोन्नती गर्ने, रिटेनिगं वाल लगाउने, पिच गर्ने, खानेपानी टंकी निर्माण गर्ने, सिंचाइ योजना निर्माण,, भवनहरु निर्माण आदि कार्यसंग सम्वन्धित रहेका छन् । प्राय सबैजसो कार्यहरुमा डोजर, लोडर, एक्साभेटर आदि जस्ता हेभि मेशिनहरु प्रयोग गरी कार्य गराएको व्यहोरा खर्चका बिल भर्पाइबाट देखियो । धेरैजसो निर्माण कार्यहरु उपभोक्ता वा लाभग्राही समुदाय आफुले नगरी तेश्रो पक्षबाट कार्य गराएको व्यहोरा खर्चका बिल भर्पाईबाट देखियो । नगरपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

१० .लाभग्राही समुह मार्फत सामाग्री खरिद ः स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा ७३ उपदफा (७) मा कार्यपालिकाले सभावाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ । सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ उपदफा २ मा प्रतिस्पर्धा सिमित हुनेगरी टुक्रा गर्न नहुने र नियमावलीको नियम ८ मा खरिद योजना सम्वन्धी व्यवस्था रहेको छ।नियम २(ट) मा उपभोक्ता समिति भन्नाले निर्माण कार्यबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुले कुनै निर्माण कार्यको निर्माण, संचालन, मर्मत संभार गर्नको लागि आफुहरु मध्येबाट गठन गरेको समीति सम्झनु पर्ने तथा नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउने कार्यविधि अनुसार उपभोक्ता समितिबाट श्रममुलक निर्माण कार्य मात्र गराउन सक्ने देखिन्छ । नगरपालिकाले नियमावली विपरित उपभोक्ता समिति वा लाभग्राही समुहको माध्यमबाट देहाय बमोजिम टुक्रा टुक्रा गरी क्रिषि, निर्माण लगायतका सामान तथा उपकरणहरु खरिद गरेकोले नियम सम्मत भन्न मिल्ने देखिएन ।यसका केही उदाहरण निम्नानुसार छन् । यस प्रकार उपभोक्ता समितिले आ आफै टुक्रा गरी खरिद गरेबाट खरिद कार्यमा प्रतिस्पर्धा हुन पाएन । यसबाट कार्यालयलाइ थप आर्थिक व्ययभार परेन भन्ने अवस्था देखिन आएन । यसका केहि उदाहरण निम्न छन् ।

| सि नं | योजना/कार्यक्रमकोनाम | कार्यविवरण | वडा न. | उ.सअध्यक्षको नाम | जनसहभागीताप्रतिशत | सम्पन्नखुद भुक्तानी रकम. |
|---|---|---|---|---|---|---|
| १ | कृषितथा पशुपंक्षी कार्यक्रम | मिनिटेलर - 8, विउ विजन | 3 | जानुकापन्त | 50.00 | 270060 |
| २ | कृषि तथा पशु बिकास कार्यक्रम | टंकी - 75 | 4 | पिङ्गला जि.सी. | 50.47 | 348641 |
| ३ | गौशाला गाइका लागि आहार धाँस व्यवस्थापन | घाँस खरिद - 172 भारी | 5 | जगन्नाथ आचार्य | 16.94 | 50000 |
| ४ | कृषि कार्यक्रम | टनेल - 15 पाइप - 1300 मी हलो -5 | 5 | शोभादेवी थापा | 50.00 | 179583 |
| ५ | पशुपंक्षी स्वास्थ्य कार्यक्रम | औषधी खरिद-1 | 6 | पुर्णिमा ओली | 0.00 | 45000 |
| ६ | टनेल वितरण कार्यक्रम | टनेल -95 | 7 | मनिष के सी | 50.00 | 288000 |
| ७ | कृषिकार्यक्रम -संयुक्त | बाख्रा खोर -4 कुखुरा खोर -1 कृषि सामाग्री | 8 | बुद्दिबहादुर कार्की | 48.58 | 416773 |
| ८ | कृषि विकास कार्यक्रम | कृषि विउ विजन | 9 | पदम बहादुर खत्री | 50.12 | 95500 |
| ९ | प्लाष्टिक टनेल + चिया विकास कार्यक्रम | टनेल -108 जैविक मल -2666 केजी | 10 | मौसम थापा | 51.70 | 480000 |
| १० | कृषि यन्त्रीकिकरण | मिनि टेलर हलो -21 चापकटर -4 | 10 | मौसम थापा | 51.22 | 480000 |
| ११ | रायडाँडा विशेष कार्यक्रम | हाइटेक टनेल -1 मिनि टेलर -13 टनेल प्लास्टिक -15 विउ विजन | 11 | राजेन्द्र बहादुर थापा | 45.07 | 831828 |
| १२ | कृषि औजार उपकरण वितरण कार्यक्रम | हलो -11 | 12 | हरि प्रसाद पौडेल | 52.05 | 250000 |
| १३ | शुन्य आय भएका विपन्न दलित महिलालाइ कुखुरा चल्ला/ दाना अनुदान | चल्ला -640 दाना -690 केजी | 13 | चुडामणी शर्मा पौडेल | 50.02 | 100000 |
| १४ | पशुपंक्षी औषधी खरिद वितरण डिस्पेन्सरी | औषधी खरिद-1 | 13 | पूर्ण प्रसाद पौडेल | 0.00 | 50000 |
| १५ | अदुवा, बेसार, लसुन, प्याज, टिमुर, तथा फलफूल उत्पादनको लागि पकेटक्षेत्र अनुदान | बेसार -1600 केजी अदुवा -800 केजी | 13 | चुडामणी शर्मा | 51.61 | 15000 |
| १६ | कृषि प्रवर्धन कार्यक्रम एकमुष्ठ | कुखुरा भाँडा -1220 विरुवा -1400 | 14 | बेदानन्द सुबेदी | 45.80 | 211475 |
| जम्मा | | | | | | ४१११८६० |

११,गुणस्तर परीक्षण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान र निर्माण कार्यको सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले उपभोक्ता समिति मार्फत गरेका सबै कार्यहरुमा र निर्माण व्यवसायी मार्फत गराइएका केहि निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

१२. जटिल प्रकृतीको कार्य उपभोक्ता समितिबाट गराएको – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले

आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, भवन निर्माण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो ।कार्यालयले उपभोक्ता समितिबाट निर्माण कार्य गराएको प्राप्त बिबरण बिश्लेषण गर्दा देहाय बमोजिम रु १६ करोड ३९ लाख ४५ हजार बराबरको २०९ वटा निर्माण कार्यहरु उपभोक्ता समितिबाट गराइ निज उपभोक्ता समितिहरुलाइ रु १४ करोड २० लाख ५० हजार भुक्तानी गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्रको माध्यमबाट प्रतिस्पर्धा गराइ कार्य गराउन उपयुक्त हुने देखिन्छ । यसको बिबरण तल संलग्न अनुसुचीमा उल्लेख रहेको छ । नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३२ **औषधीको सदुपयोग**

आर्थिक कार्यबिधी तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६ को दफा ५५ मा सरकारी सम्पत्तिको संरक्षण तथा तोकिएको प्रयोजनमा प्रयोग गर्नुपर्ने सम्वन्धमा उल्लेख रहेको छ । नियमावली,२०७७ को नियम ९४ मा सरकारी सम्पत्तिको जिम्मा र संरक्षण सम्वन्धमा प्रावधानहरु रहेका छन् । कार्यालयमा गतवर्ष खर्च नभइ योवर्ष मौज्दात सरि आएका, योवर्ष आफैले खरिद गरेका र संघिय तथा प्रदेश सरकारका सम्वन्धित बिभिन्न निकायबाट बिभिन्न समयमा हस्तान्तरण भइ आएका समेतका औषधी, सर्जिकल समान तथा उपकरणहरु मध्ये निम्नानुसार ५० किसिमका बिभिन्न ठुलो परिमाणका औषधीहरु यो आ व २०७९।८० को अन्त्यमा म्याद समाप्त भइ प्रयोगमा ल्याउन नसकिने अवस्थामा पुगेको देखियो । जसमध्ये सबैको मुल्य समेत नखुलेको व्यहोरा प्राप्त बिबरणबाट देखियो । यसप्रकार औषधीहरु नोक्सानी हुनुमा तालुक सरकारका निकायहरुले घटी म्याद भएका औषधीहरु ढिलागरी पठाएबाट सो बमोजिमको अवस्था श्रीजना हुन गएको व्यहोरा लेखापरीक्षणको क्रममा जनाइएको छ । यसरी सर्वसाधरण जनताको सुबिधालाइ लक्षित गरी सरकारी रकमबाट खरिद गरीएका औषधीहरु कसको लापरवाहीबाट नोक्सानी हुन गएको हो यथार्थता छानविन गरी निजहरुबाट असुल हुनु पर्दछ (मुल्य नखुलाइएको) ।

| औषधीको नाम | म्याद समाप्त मिति | परिमाण |
|---|---|---|
| Antigen Kit Covid-19 | 31-May-2022 | 255 |
| Pfizer/Tris Formulation 6 Dose | 30-Nov-2022 | 45 |
| Chlorhexidine Gel 4% (Navi Malam) Tube | 30-Apr-2021 | 1304 |
| B.C.G. 20 Dose 1 | 31-May-2021 | 141 |
| B.C.G. Diluents | 31-Mar-2021 | 25 |
| BoPV 10 dose | 31-Jan-2021 | 76 |
| RDT for Malaria test kit | 30-Jun-2022 | 100 |
| DPT + Hep B + Hib 10 Dose | 30-Jun-2022 | 85 |
| Zinc Sulphate 20 mg Tablet # | 31-Aug-2021 | 100 |
| Ferrous Sulphate 60 mg + Folic Acid Tab 0.4 mg Tablet | 31-May-2022 | 1,000 |
| Japanese Encephalitis 5 Dose | 31-Oct-2021 | 65 |
| Measles + Rubella 10 Dose | 31-Oct-2021 | 131 |
| Ciprofloxacin 200 mg / 100 ml Infusion | 30-Jun-2023 | 20 |
| Diclofenac 25 mg/ml 3ml Injection | 30-Nov-2020 | 10 |
| Frusemide 10 mg / ml 2 ml Injection | 31-Jan-2022 | 70 |
| Ondansetron 2 mg / ml 2 ml Injection | 31-Aug-2023 | 190 |
| Pheniramine Maleate 22.75 mg / ml 2 ml Injection | 28-Feb-2023 | 5 |
| Amoxycillin 250 mg Capsule | 30-Jul-2022 | 100 |
| Atorvastatin 10 mg Tablet | 31-Jan-2023 | 1,000 |
| Ciprofloxacin Hydrochloride 250 mg Tablet | 30-Apr-2021 | 400 |
| Clotrimazole Vaginal Tablet | 31-Jan-2023 | 500 |
| Misoprostol 200 mcg Tablet | 31-May-2022 | 400 |
| Prednisolone 10 mg Tablet | 31-Jan-2022 | 100 |
| Implant (5 years Effectiveness) Set | 30-Aug-2020 | 55 |
| Sulphamethoxazole 100 mg + Trimethoprim 20 mg Dispersible Tablet | 31-Dec-2022 | 990 |
| Sulphamethoxazole 800 mg & Trimethoprim 160 mg Tablet | 31-Jan-2021 | 800 |
| Spirit 450 ml | 28-Feb-2023 | 14 |
| AD Syringe 0.5 ml | 28-Feb-2021 | 1,550 |
| IV Infusion Set with 21 G Needle | 31-Jan-2022 | 120 |
| Virex Powder | 31-Oct-2022 | 10 |
| Blood Lancets | 31-Jan-2021 | 560 |
| Clotrimazole 1% w / w 15 g Cream Tube | 31-Jan-2022 | 10 |
| Determine Chase Buffer | 04-Apr-2023 | 5 |
| Determine HIV Test Kits (PMTCT) | 30-Sep-2021 | 380 |
| EDTA Capillary Tube | 01-Nov-2021 | 18 |
| Pfizer 10 Dose (5-11 years) | 30-Nov-2022 | 68 |
| Oxytocin 5 IU / ml Injection | 12-Sep-2022 | 30 |
| Viral Transport Medium (VTM) - COVID-19 | 30-Sep-2022 | 918 |
| Silver Sulfadiazine 1% Ointment 25 gm | 31-Mar-2022 | 30 |

| | | |
|---|---|---|
| Chloroquine 250 mg Tablet | 31-Aug-2023 | 230 |
| Surgical Gloves COVID-19 | 02-Jul-2023 | 1,000 |
| Rota virus vaccine (Rotarix liquid mono pack) | 31-Aug-2021 | 879 |
| N95 Mask (COVID-19 | 30-Jun-2022 | 398 |
| Hand Sanitizer 500 ml | 31-Oct-2021 | 2 |
| 3ml Disposal Syringe with 24 G Needle | 28-Feb-2022 | 390 |
| Fractional Inactivated Polio Vaccine (fIPV) 5 Dose | 30-Nov-2022 | 135 |
| Gentamicin 40mg Injection | 31-Aug-2021 | 220 |
| Fluconazole 150 mg Capsule | 31-Mar-2021 | 250 |
| Calcium Hypochlorite (Bleaching Powder) | 31-Oct-2022 | 11 |
| Lignocaine(Lidocaine) Hydrochloride 1% 20 ml injection | 28-Oct-2022 | 10 |

त्यसैगरी यसप्रकार खरिद गरेर वा अन्य निकायबाट योवर्ष प्राप्त हुन आएका औषधि तथा सर्जिकल सामानहरु मध्ये बिभिन्न आइटमका धेरै परिमाण र मुल्यका औषधि तथा सर्जिकल सामानहरु आर्थिक वर्षको अन्त्यसम्ममा पनि मातहतका स्वास्थ्य चौकी तथा संस्थाहरुमा नपठाइ नगरपालिकाको जिन्सी खातामा मौज्दात राखि राखेको व्यहोरा प्राप्त बिबरणबाट देखिन आयो । यसप्रकार समयमै मातहतका सम्वन्धित निकायमा नपठाइ पालिकामै थन्काएर राखिराखेबाट थप औषधि तथा सर्जिकल सामानहरु समेत म्याद सकिइ प्रयोजन बिहिन हुनसक्ने तर्फ सम्वन्धित निकाय तथा पदाधिकारीहरुको यथाशिघ्र ध्यान जानुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

३३ **खरिद टुक्राएको**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (२) मा प्रतिस्पर्धा सिमित हुने गरी खरिद टुक्राउन नहुने व्यवस्था छ । सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष स्वास्थ्य तर्फ औषधी तथा उपकरण र सर्जिकल औजार खरिद गर्दा सार्वजनिक खरिद नियमावलीको नियम ८ अनुसार खरिदको योजना तथा प्याकेज बनाइ बोलपत्रको माध्यमबाट एकमुष्ट रुपमा प्रतिस्पर्धा गराएर खरिद गर्नुको साटो देहाय बमोजिम एक वटा बोलपत्रको माध्यमबाट र ५ वटा खरिदलाइ सोझै तथा खुल्ला दरभाउपत्र लिएर खरिद गरेको देखियो । यसप्रकार खरिद गरेको मध्ये बोलपत्रबाट भएको खरिदमा पर्याप्त र स्वस्थ्य प्रतिस्पर्धा भइ स्वीक्रित लागत अनुमान भन्दा ५०.८० प्रतिशत घटी दरमा प्रस्ताव स्वीक्रित भइ खरिद गरिएको छ भने बाकी ५ वटा सोझै दरभाउपत्र लिएर खरिद गरेका खरिदहरुमा स्वीक्रित लागत अनुमान भन्दा शुन्य देखि २.५० प्रतिशतसम्म घटी दरमा खरिद गरेको देखियो । यसप्रकार टुक्रा गरेर खरिद कार्य गर्दा सोझै दरभाउपत्रबाट गरिएको खरिदमा बोलपत्रको तुलनामा ५०.८० प्रतिशतसम्म बढी लागत पर्न गइ कार्यालयलाइ कम्तिमा रु १०३५७९६। थप व्ययभार पर्न जानुको साथै उक्त कानुनको समेत उल्लघंन हुन पुगेको रु

| खरिदको बिबरण | लागत अनुमान | खरिद बिधि | प्राप्त प्रस्ताब | प्रथम घटि प्रतिशत | आपुर्ति कर्ता | संझौता रकम | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|
| आधारभुतस्वास्थ्य सेवाका लागि औषधी खरीद | 3233638 | टेन्डर | 3 | 50.8 | बासुकीमेडिसिन सप्लायर्स | 1591098 | 1567298 |
| न्यानोझोला खरिद | 250000 | सोझै दरभाउपत्र | 3 | 0.3 | अन्नपुर्णसर्जिकल | 249155 | 249155 |
| नगरअस्पतालको लगि औजार उपकरण | 300000 | सोझै दरभाउपत्र | 3 | 1.3 | अन्नपुर्णसर्जिकल | 296211.8 | 296211.8 |
| स्वास्थ्यसिविरका लागि औषधी खरिद | 310426 | सोझै दरभाउपत्र | 3 | 0 | हित नुतनमेडिको फर्मा | 310426 | 310426 |
| औजार तथाउपकरण | 900000 | सोझै दरभाउपत्र | 3 | 0.1 | जुपिटरनेपाल | 898712 | 898712 |
| ILR खरिद | 400000 | सोझै दरभाउपत्र | 3 | 2.5 | माछाप्च्छ्रेमेडिसिन सप्लायर्स | 390000 | 390000 |
| जम्मा | 5394064 | | | | | 3735602.8 | 3711802.8 |

| अनियमित भएको | १०,३५,७९६ |
|---|---|

३४ **औषधी खरिदः**

औषधी खरिदः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

• आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भन्ने व्यहोरा खुलाएको प्रमाण समावेश नभएको,

• आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन,

• औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

• औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको,

• तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरुको जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३५ **सेनिटरी प्याड**

आर्थिक वर्षको अन्त्यसम्म पनि खपत नहुनेगरी मौज्दात राख्ने उद्देश्यले कुनै मालसामान खरिद गर्न नमिल्ने व्यवस्था आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीमा छ । नगरपालिकाले सेनिटरी प्याड खरिद गर्दा आर्थिक वर्षभित्र खपत नहुनेगरी मौज्दात राख्ने अभिप्रायले खरिद गरेको देखियो । पालिकाले बोलपत्र मार्फत २०८०।३।३० मा श्री पोखरा सेनिटरी प्याड पोखरासँग रु १७०१९१७।– को सेनिटरी प्याड खरिद गरेको छ । आर्थिक वर्षको अन्तिममा खरिद गरिएको प्याड विद्यालयलाई माग फारमको आधारमा वितरण गरेको पाइयो ।सेनीटरी प्याड बितरण तथा व्यबस्थापन कार्यबिधि २०७६ को परिच्छेद ३ बमोजिम बिद्यालयले आफ्ना छात्राहरुको संख्याका आधारमा आवश्यक पर्ने सेनिटरीप्याड शिक्षा शाखा मार्फत स्थानीय तहमा माग गरी पठाउनु पर्ने र स्थानीय तहले प्रत्येक बिद्यालयलाई उपलब्ध गराएको सेनिटरीप्याडको अभिलेख अलग अलग रुपमा राख्नु पर्ने साथै बिद्यालयले उपलब्ध सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा व्यबस्थित रुपले राख्नु पर्ने व्यबस्था भएकोमा यस स्थानीय तहले र अन्तर्गतका बिद्यालयले सो कार्यबिधि बमोजिम अभिलेख राखेको देखिएन । सो प्याड विद्यालयहरुले आफ्नो जिन्सी खातामा आम्दानि बाँधेको समेत पाइएन । अतः कार्यबिधि अनुसारको अभिलेख राखेर मात्र खर्च लेख्नु पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

३६ **सहकारी संस्था**

साबिक डिभिजन सहकारी कार्यालयहरु मध्ये संघियताको कार्यान्वयन सँगसँगै १५७ वटा संस्था यस नगरपालिका हस्तान्तरण भई आएको मध्ये २१ वटा संस्थाहरु एकिकरणमा गएका र १०३ वटा संस्थाहरु सक्रिय रहेको र ३३ वटा संस्थाहरु निष्कृय रहेको विवरण प्राप्त भएकोमा निष्कृय रहेको संस्थाहरुमा सर्वसाधारणको पूँजी र सम्पत्ती के कस्तो अवस्थामा रहेको छ सोको जोखिमलाई न्यूनिकरण गरी सर्वसाधारणको सम्पत्ती र अधिकारको संरक्षणको सम्बन्धमा नगरपालिकाले थप यथेष्ठ पहल गर्नुपर्ने देखिन्छ । यस सम्बन्धमा सम्वन्धित पदाधिकारी र कर्मचारीहरुको ध्यान जानु आवश्यक छ ।

सहकारी संस्थाहरुको प्रवर्द्धन र नियमनमा प्रभावकारीता ल्याउन एवं सहकारी क्षेत्रको एकिकृत तथ्यांकको आधार सिर्जना गर्न पालिका भित्र रहेका १०३ वटा सक्रिय सहकारी संस्थाहरुलाई इन्टरनेटमा आधारित एकिकृत विद्युतिय व्यवस्थापन सूचना प्राणाली ९ऋइएइःक्ष्क्० मा आवध्द गराउन र निष्कृय रहेका ३३ वटा सहकारी संस्थाहरुलाई शेयर सदस्य र वचतकर्ताहरुको शेयर तथा बचत रकमको भुक्तानी पाउनु पर्ने वा तिनुपर्ने दायित्व समेत सुरक्षित हुने गरी नियमानुसार एकिकरण तथा खारेजीको प्रकृया अगाडी बढाउन पालिकाले थप पहल गर्नु पर्दछ ।

त्यसैगरी सहकारी क्षेत्रमा देखिएका विकृती तथा समस्याहरुलाई सुधार गर्न, सञ्चालन खर्चमा कटौती गरी उत्पादन क्षेत्रमा लगानी बढाउन, सदस्यहरुलाई प्रदान गर्ने सेवामा गुणात्मकता कायम गरी संस्थाहरुको दिगो विकास र स्थायीत्व प्रदान गर्न सहकारी ऐन २०७४ को दफा ८७ एवं यस पालिकाको सहकारी ऐन २०७४ को दफा ६५ र ६६ बमोजिम सहकारी सस्थाहरुको एकिकरण विघटन तथा दर्ता खारेज गर्ने कार्यलाई व्यवस्थित गरी सहकारी संस्थाहरुको संख्यालाई चुस्त र दुरुस्त बनाउन एकिकरण, विघटन तथा खारेजी सम्वन्धी आवश्यक कानुन तथा कार्यविधिहरु निर्माण गरी कार्यान्वियन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३७ **सुरक्षित आप्रवासन परियोजना**

बैदेशिक रोजगारलाइ सुरक्षित ब्यबस्थित मर्यादित उपलब्धिमूलक एवं शोषणरहित बनाउन नेपाल सरकार र स्वीस सरकार बीच द्वीपक्षीय सम्झौता भइ सुरक्षित आप्रवासन परियोजना सामी कार्यन्वयनमा रहेकोमा तेस्रो चरणको समयावधि २ वर्ष थप भइ २०७९ श्रावण १ देखि २०८१ असार ३१ सम्म कायम भएको छ। तेश्रो चरण श्रम रोजगार तथा सामाजिक सूरक्षा मन्त्रालय अन्तरगत संचालनमा रहेको छ । ३८ जिल्लाका १५६ स्थानिय तहमा संचालित यो परियोजना २०७५ भाद्र १ देखि संचालनमा रहेको मध्ये यस नगरपालिकामा पनि संचालनमा रहेको छ ।यस परियोजना अन्तर्गत विनियोजन भएको रकम रु ६१ लाख मध्ये रु. ५०२८०५२।२० खर्च भएको छ।पालिकाले सुरक्षित आप्रवासन कार्यक्रम संचालन मार्गदर्शन, २०७९ बमोजिम कार्यक्रम संचालन गर्नुपर्दछ। सुरक्षित आप्रवासन कार्यक्रम संचालन मार्गदर्शन, २०७९ बमोजिम कार्यक्रमको उद्धेश्य अनुरुपको कार्यक्रम कार्यान्वियनको जिम्मेवारी स्थानीय

तहको हुने भएकोले पालिकाले कार्यक्रमको अनुगमन मुल्याङ्कन तथा प्रतिवेदन पेश गर्नुपर्दछ। साथै यस स्थानीय तहले उक्त कार्यक्रमको अनुगमन समेत गरेको पाइएन । नेपाल सरकार र स्वीस सरकारको द्धीपक्षीय सम्झौतामा उल्लेख भए अनुसार यस स्थानीय तहले Matching Fund समेत बनाएको पाइएन ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३८ **आन्तरिक लेखापरिक्षणबाट देखिएका व्यहोरा**

३८.१ 335.2079.9.12गत वर्षको दायित्व भुक्तानी शिर्षकबाट गौरव राना मगरलाई कक्षा १ को पुस्तक लेखन खाका, नगर शिक्षा समितिको बैठक भत्ता तथा अन्य खाजा विल वापत जम्मा रु. १,१६,३०५ भुक्तानी भएकोमा पुस्तक लेखन कार्यदल समिति, नगर शिक्षा समितिले आन्तरिक लेखापरीक्षण गर्ने क्रममा पारिश्रमिक तथा बैठक भत्ता बुझको भरपाई वा प्रमाण पेश नभएकोले आवश्यक प्रमाण पेश गर्नुपर्ने ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१६,३०५ |

३८.२ आन्तरिक लेखापरिक्षणबाट देखिएका व्यहोरा निम्नानुसार रहेका छन्।

राजस्व दाखिला र राजस्वको लेखा- आर्थिक कार्यविधि तथा उत्तरदायित्व ऐन, २०७६ अनुसार प्रचलित कानून बमोजिम सरकारलाई प्राप्त हुने राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोहि दिन र सोहि दिन संम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले बैकं दाखिला गर्नुपर्नेमा सो बमोजिम नगरी वडामा संकलित राजस्व महिनौ सम्म पनि दाखिला गरेको देखिदैन ।

पत्रपत्रिका तथा छपाई तथा सूचना प्रकाशन खर्च - विज्ञापन तथा सुचना प्रकाशित गर्ने आदेश पत्र नलिई कार्यालयसँग असम्बन्धित विषयमा बधाई तथा शुभकामना क्यालेन्डर विभिन्न लेख तथा स्मारिका प्रकाशन प्रसारण सरकारी खर्चमा गर्न नपाइने व्यवस्था भएकोमा कार्यालयले यस्ता शिर्षकमा खर्च गरेको देखिएकोले यस्ता खचर्मा कटौती गरी सार्वजनिक खर्चमा मित्वययिता अपनाउनु पर्दछ ।

इन्धन खर्च- अडर कुपनमा पूर्ण रुपमा सवारी साधन नं. वा प्रयोजन नखुलाइएको, पदाधिकारीले पाउने सेवा सुविधा सम्बन्धि बनेको ऐनको मापदण्ड भित्र नरहि तथा कर्मचारीको तह अनुसार तोकिएको कोटा भित्र रहि इन्धन खर्च नगरिएको देखिएकोले आगामी दिनमा सबै पक्रिया पुरा गरी तोकिएको मापदण्ड भित्र रहि खर्च गर्नुपर्ने देखिन्छ ।

सीप विकास र जनचेतना तालिम सम्बन्धी खर्च- सार्वजनिक रुपमा दिइने आयआर्जन, सीप विकास, सशक्तीकरण, सार्वजनिक चेतना जागरण सम्बन्धी तालिम, गोष्ठी ,कार्यशालामा भएको खर्च (प्रशिक्षक भत्ता स्रोत व्यक्ति भत्ता सहभागी भत्ता मसलन्द खाजा खर्च हल भाडा आदि) स्वीकृत दररेट मापदण्ड नर्म्सको पुर्ण परिपालना गर्नु पर्दछ ।

सवारी साधन तथा मेशिनरी औजार भाडा- सरकारी कामको लागि सवारी साधन मेसिन औजार तथा अन्य किसिमका साधन भाडामा लिँदा सरकारलाई आर्थिक दायित्व तथा व्यायभार पर्ने हुदाँ अधिकार प्राप्त अधिकारीको निर्णय वा स्वीकृत अनुसारमात्र खर्च गर्नु पर्दछ ।

जिन्सी व्यवस्थापन- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम बिक्री वा मिनाहा गर्नुपेर्नेमा नियमानुसार सो कार्य गरिएको देखिएन ।

आर्थिक तथा अन्य संस्था सहायता- सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदशन २०७५ अनुसारको पालना गर्नेगरी प्रत्येक वर्ष वृद्धि हुदै गएको स्वास्थय उपचार खर्चको लागि स्वास्थय वीमा तथा विपन्न वर्गको लागि आय आर्जन सम्बन्धी कार्यक्रम सञ्चालन गरी खर्चमा कमि ल्याउन नगरपालिकाले पर्याप्त ध्यान दिनु पर्ने देखिन्छ ।

विविध खर्च- विभिन्न बैठक कार्यक्रम अनुगमन सभा सञ्चालन अतिथि सत्कार गर्दा खाजा खाना शिर्षकमा भएको खर्च भुक्तानी गर्दा भुक्तानी लागि स्पष्ट आधार तथा प्रमाण सरकारी नर्म्स भित्र रहि खर्च नगरिएको खर्चमा मितव्ययिता कायम नभएकोले आगामी दिनमा यस्ता खर्च गर्दा पालिकाले स्पष्ट आधार तथा नर्म्स तयार गरी खर्चमा मितव्ययीता कायम गर्नुपर्ने देखिन्छ।

दररेट भिन्नता- पालिकाबाट संचालन भएका विभिन्न आयोजना तथा कार्यक्रमहरुको दर विश्लेषण लागत अनुमान तयार गर्दा फरक फरक नर्म्स प्रयोग गरि लागत विश्लेषण लागत अनुमान तयार तथा कामको मूल्याङ्कन गरी भुक्तानी भएकोले कार्यालयबाट सम्पादन भएका आयोजनाहरुको भुक्तानीमा एकरुपता देखिदैन .। तर्सथ पालिकाले आगामी आ.ब मा पालिकाबाट संचालन हुने आयोजना तथा कार्यक्रमको दर विश्लेषण लागत अनुमान तयार गर्दा भवन निर्माणको लागि म्म्घ्रऋ को नर्म्स प्रयोग गर्नुपर्ने सडक निर्माणको लागि मृइच् को नर्म्स प्रयोग गर्नुपर्ने र गोरेटो बाटोको लागि मृद्दीक्ष्म्ब्च् को नर्म्स प्रयोग गरी पालिकाबाट सम्पादन हुने कार्यक्रममा एकरुपता कायम गर्नुपर्दछ ।

पेश्की - बजेट विनियोजन भए अनुसार पालिका बाट सम्पादन हुने कार्यक्रम तथा योजनाहरु समयमै सहज ढंगले सम्पादन गर्नको लागि कर्मचारी उपभोत्ता समिति ठेकदार तथा संस्थागत निकायलाई ऐन नियम र सम्झौताको आधारमा पेश्की रकम उपलब्ध गराएकोमा तोकीएको म्याद भित्र पेश्की फछ्यौट गर्ने गराउने तथा म्यादभित्र पेस्की फछ्यौंट नभएकोमा नियमानुसार कारबाही भएको देखिदैन ।

| सैद्धान्तिक बेरुजु |
|---|

३८.३ आन्तरिक लेखापरिक्षण गर्दा देखिएको व्यहोरा

९२- ०७९/५/९ आ.ब ०७८/०७९ मा बसेको श्रोत अनुमान तथा बजेट तर्जुमा समितिको बैठक बसेवापतको बैठक भत्ता आ.ब ०७९/०८० मा भुक्तानी भएको देखिन्छ । गत बर्ष भुक्तानी हुन नसकी बाकी रहेको योजना तथा कार्यक्रमहरु यस वर्ष भुक्तानी गनुपर्ने भएमा भुक्तानी दिन बाकिको खाता तथा कच्चावारी म.ले.प.फाराम नं. २२१ प्रमाणित गराई भुक्तानी गर्नुपर्नेमा यस वर्षको बजेट खर्च शीर्षक पदाधिकारी बैठक भत्ता –विषयगत समितिको बैठक भत्ता समेत) बाट भुक्तानी भएकोले भुक्तानी पक्रिया नियमसंगत नदेखिएको.हुदा असुल हुनुपर्ने भनि आ ले प ले औल्याएको रु.

तलिम, गोष्ठि,कार्यशाला सञ्चालनसम्बन्धी खर्चको मापदण्ड- गण्डकी प्रदेश,खर्चको मापदण्ड,२०७५ अनुसार तालिम केन्दहरु बहेक अन्य निकायबाट सञ्चालित सबै प्रकारका तालिमका श्रोतव्यक्ति/प्रशिक्षको पारिश्रमिक जिल्ला तथा स्थानीय स्तरको हकमा सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए वापतको पारिश्रमिक पाइने छैन तर,कार्यपत्र वापतको रकम पाउनेछ । कार्यपत्र भन्नाले कम्तीमा ७५० शब्दको प्रवन्ध सम्झनुपर्दछ,पारदर्शक पाना, प्रस्तुतीकरण टिपोट वा प्रस्तुतीकरणको प्रयोजनका लागि तयार पारिएको अरु त्यस्तै सामग्रीको छाँयाप्रति कार्यपत्र हुँदैन ।गो भौ नं. ७२५– ०७९/१०/१३नगरपालिकालाई बालमैत्री स्थानीय शासन युक्त वडा तथा नगर घोषण सम्बन्धि सरोकारवाला सँग अन्तरक्रिया तथा अभिमुखिकरण कार्यक्रमको लागि प्रदेश खर्चको मापदण्ड विपरित बढी दरमा भुक्तानी गरेको तपसिल बमोजिमको रकम असूल गनुपर्ने रु ४७६०।

| प्रशिक्षकको नाम थर | कक्षा संख्या | स्वीकृत दर | भुक्तानी भएको दर | करकट्टी गरी जम्मा भुक्तानि | करकट्टी गरी जम्मा भुक्तानि गर्नुपर्ने रकम | वढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| विष्णु प्रसाद चौवे | ८ | १८०० | २५०० | १७००० | १२२४० | ४७६० |

| असुल गर्नुपर्ने | १,५५,७६० |
|---|---|

३८.४ ६३४।२०७९।९।२आ.ब ०७८/०७९ मा बसेको व्यवसायी इजाजत सिफारीस समिति र पुर्वधार विकास समिति को बैठक बसेवापतको बैठक भत्ता आ.ब ०७९/०८० मा भुक्तानी भएको देखिन्छ । गत बर्ष भुक्तानी हुन नसकि बाकि रहेको योजना तथा कार्यक्रमहरु यस वर्ष भुक्तानी गनुपर्ने भएमा भुक्तानी दिन बाकिको खाता तथा कच्चावारी म.ले.प.फाराम नं. २२१ प्रमाणित गराई भुक्तानी गर्नुपर्नेमा यस वर्षको बजेट खर्च शिर्षक पदाधिकारी बैठक भत्ता –विषयगत समितिको बैठक भत्ता समेत) बाट भुक्तानी भएकोले भुक्तानी पक्रिया नियमसंगत नदेखिएको हुदा असुल हुनुपर्ने भनि आ ले प ले औल्याएको रु.

| असुल गर्नुपर्ने | ४७,००० |
|---|---|

३८.५

गण्डकी प्रदेश सरकारले जारी गरेको गाँउसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धी ऐन,२०७६ को दफा ४ पदाधिकारीले सवारी साधन लिएकोमा ऐनको अनुसूचीमा उल्लेखित इन्धन तथा मोविल खर्च पाउने एवं सवारी साधनको सुविधा लिने पदाधिकारीले सोही अनुसूचिमा उल्लेख भएको यातायात खर्च वापतको मासिक सुविधा लिन नमिल्ने उल्लेख भएकोमा नगरपालिकाको वडाअध्यक्षले पालिकाबाट मोटरसाइकल सुविधा लिएकोमा समेत मासिक यातायात सुविधा लिएको देखियो । ऐनमा भएको व्यवस्थाको विपरीत लिएको रकम सम्वन्धितबाट असूल गरी राजस्व दाखिला गर्नुपर्ने रु.

| क्रम | कर्मचारीको/फर्म/संगठन नाम | असुली रकम |
|---|---|---|
| ३८.५.१ | असुल गर्नुपर्ने | ३,००० |

| असुल गर्नुपर्ने | ३,००० |
|---|---|

३९ **न्युन विद्यार्थि संख्या भएका विद्यालय**

संघिय शिक्षा नियमावली, २०५९ को नियम ७७ उपनियम १ मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थि संख्या पहाडमा सामान्यतया ४५ हुनुपर्ने उल्लेख छ। सोही नियमावलीको नियम १२ क मा विद्यालय गाभ्न लिइने आधारहरु उल्लेख गरेको छ।यस पालिका मातहतमा सामुदायिक विद्यालयको संख्या ८२ रहेको र यस आ व मा उक्त विद्यालयहरुलाइ यस पालिकाबाट जम्मा रु ४०६०२८९८६। निकासा दिइएको विवरण प्राप्त भएको छ। उक्त विवरण अनुसार देहायका ४० वटा विद्यालयहरुमा उपरोक्त कानूनले तोकेभन्दा अत्यन्त न्यून संख्यामा विद्यार्थि रहेको व्यहोरा देखिन आयो। तसर्थ न्यून विद्यार्थि संख्या रहेका विद्यालयहरुलाइ उपरोक्त कानून बमोजिम एक आपसमा गाभि विद्यालय व्यवस्थापनलाइ चुस्त, प्रभावकारी र मितव्ययी तुल्याउने तर्फ यस पालिकाले ध्यान दिएको नदेखिदा सम्बन्धित निकाय तथा पदाधिकारीहरुको ध्यान गइ कानून बमोजिम गर्नुपर्ने देखिन्छ। यस पालिका अन्तर्गत ५० भन्दा कम विद्यार्थि संख्या रहेका बिद्धालयहरुको विवरण यस प्रकार छ।

| सिन | विद्यालयको नाम र ठेगाना | संचालित कक्षा | विद्यार्थिको संख्या | शिक्षक संख्या | यो वर्ष कुल निकासा |
|---|---|---|---|---|---|
| १ | देउराली प्रा वि बा. न. पा.- ३ | १-३ | २१ | २ | २१३५३०० |
| २ | बागलुङविशेष वालकक्षा बा.न.प.- ४ | १-५ | २८ | ३ | ३२८३५२४ |
| ३ | मुत्तिनाथ वेद विद्याश्रम बा.नपा.-४ | ६-१० | ३२ | ३ | २०२५८८३ |
| ४ | बालश्रम प्रा वि बा. न. पा.-५ | १-३ | ३३ | २ | १६५८०१० |
| ५ | मालिका आ वि बा. न. पा.-५ | १-५ | ४६ | ५ | २७२६४५१ |
| ६ | अमर प्र वि बा. न. पा.-६ | १-२ | ४६ | २ | १८५४३२१ |
| ७ | आधारभूत प्रा वि बा. न. पा ६ | १-३ | २३ | २ | १४५४४०२ |
| ८ | भगवती प्रा वि बा न पा ६ | १-३ | २४ | १ | १४४६७०३ |
| ९ | जनचेतना प्रा वि बा न पा ७ | १-५ | ३१ | ३ | २१९५१९२ |
| १० | गौरीशंकर प्र वि बा न पा ७ | १-५ | ४९ | ४ | २०४२६६६ |
| ११ | भैन्डाडा आ वि सीघना ८ | १-५ | २७ | ३ | २४३५७९४ |
| १२ | भगवती प्रावि बा न पा ८ | १-५ | १६ | ३ | २११६९४६ |
| १३ | रानीभूमे प्रा वि बा न पा ९ | १-३ | १३ | २ | १४७३८१४ |
| १४ | सरस्वती सा प्रा वि बा न पा ९ | १ | ५ | १ | ८२१४८६ |
| १५ | सरस्वती प्र वि बा न पा ९ | १-३ | २१ | २ | १५९५६७५ |
| १६ | जनसेवा प्रा वि बा न पा ९ | १-३ | २५ | २ | १५४५२६५ |
| १७ | चित्याङ्ग प्रा वि बा नपा ९ | १-५ | २८ | ३ | २२१६८२० |
| १८ | कृष्ण प्रावि बा न पा ९ | १-३ | १९ | २ | १४५७०६६ |
| १९ | इन्द्र प्रा वि बा नपा ९ | १-३ | २१ | २ | १६०२८५६ |
| २० | सरस्वती प्रा वि बा न पा १० | १-३ | १० | २ | १६९२२६६ |
| २१ | बराह प्र वि बा नपा १० | १- ३ | २५ | २ | १५५१७५६ |
| २२ | माछापुछ्रे प्रा वि बा न पा १० | ECD | ६ | | २१९७१४ |
| २३ | सरस्वती प्रवि बा न पा ११ | १-५ | २७ | ३ | १९१५७८१ |
| २४ | ओखले प्रावि बा न पा ११ | १-३ | १५ | २ | १३६३३५८ |
| २५ | सिद्ध प्रा वि बा न पा ११ | १-२ | ४ | १ | ४१४६१३ |
| २६ | चन्दा चन्द्र नगर प्रा वि बा न पा ११ | १-५ | २१ | ४ | २०११९३३ |
| २७ | शहिद स्मृति बा न पा ११ | १-३ | १९ | २ | १२१९२९६ |
| २८ | सरस्वती प्रा वि बा न पा १२ | १-५ | ४५ | ४ | ३०२४३२६ |
| २९ | बृद्धदात्रि प्रा वि बा न पा १२ | १-३ | ८ | २ | ११८४९५५३ |
| ३० | भैरव प्रा वि बा न पा १२ | १-३ | १० | २ | १४०६६९८ |

| सिन | विद्यालयको नाम र ठेगाना | संचालित कक्षा | विद्यार्थिको संख्या | शिक्षक संख्या | यो वर्ष कुल निकासा |
|---|---|---|---|---|---|
| ३१ | भैरवस्थान प्र वि बा न पा १२ | १-३ | १८ | ३ | २०२५४४१ |
| ३२ | जनचेतना प्रा वि बा न पा १२ | १-५ | ४१ | २ | ३०१२९९६ |
| ३३ | जगन्नाथ प्रा वि बा न पा १२ | १-३ | २२ | २ | १६३०६३५ |
| ३४ | कृष्ण प्रा वि बा नपा १२ | १ | १९ | १ | ६६२४६७ |
| ३५ | दुगाभवानी प्रा वि बा न पा १३ | १-३ | २१ | २ | १३८३४३० |
| ३६ | जनता प्रा वि बा न पा १३४ | १-५ | ३६ | ३ | २१५८६६२ |
| ३७ | प्रजातन्त्र प्रा वि बा न पा १३ | १-३ | ३७ | २ | १४५१९९२ |
| ३८ | लक्ष्मी ना संस्कृत प्रावि बा न पा १३ | ४-५ | १० | | ३८८३८४ |
